# माध्यमिक शिक्षामा बालबालिकाको सहभागिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
स्नातकोत्तर तह (एम.एड.) दोस्रो
वर्षको आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार
गरिएको

## शोधपत्र


**शोधार्थी**

**शैलेन्द्र लाल कर्ण**

क्याम्पस क्रमाङ्क : १८/०६६

परीक्षा क्रमाङ्क : २०४००९९/०६८

त्रि.वि.वि. दर्ता नं. ४२६०/८५

**श्री कनकाई बहुमुखी क्याम्पस**

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुरुङ्गा, झापा


२०७२

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/०९/१५

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **शैलेन्द्रलाल कर्णले** मेरो प्रत्यक्ष निर्देशनमा **माध्यमिक शिक्षामा बलबालिकाको सहभागिता** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(उप.प्रा. आशा शर्मा सिवाकोटी)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
# कनकाई बहुमुखी क्याम्पस
☎ ०२३-५५०१५३
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
Fax : ०२३-५५०८५३
स्था : २०४७
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/१०/०२

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **शैलेन्द्र लाल कर्णले माध्यमिक शिक्षामा बालबालिकाको सहभागिता** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..........................................

२. उप-प्रा. आशा शर्मा सिवाकोटी
शोध निर्देशक ..........................................

३. उप-प्रा. शेषराज अधिकारी
वाहय परीक्षक ..........................................

# कृतज्ञता

माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता शीर्षकमा शोधकार्य सम्पन्न गरी प्रस्तुत गरिएको छ । शोधप्रस्ताव स्वीकृत गरी योशीर्षक अन्तरगत रही शोधकार्य गर्ने मौका दिनु भएकोमा यस कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गाप्रति आभार प्रकट गर्दछु ।

यस शोधकार्यलाई अन्तिम निष्कर्ष सम्म पुऱ्याउनका लागि सदैव निर्देशन तथा महत्वपूर्ण सल्लाह, सुझाव एवं हौसला प्रदान गर्दै पथ प्रदर्शन गरी सहयोग पुऱ्याउनु हुने कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख एवं शोध निर्देशक श्री आशा शर्मा शिवाकोटी प्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी यस कार्यमा विभिन्न तरहले सहयोग पुऱ्याउनुहुने कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका शैक्षिक योजना तथा व्यवस्थापन विभागका उपप्राध्यापक श्री योन्देन सुनुवार, उपप्राध्यापक श्री गोपीकृष्ण भट्टराई, उपप्राध्यापक श्री मोहनप्रसाद ओली, उपप्राध्यापक श्री ठाकुर प्रसाद रसाइली तथा क्याम्पस प्रमुख श्री टंक बहादुर कार्की प्रति आभार प्रकट गर्दछु ।

यस शोधकार्यको लागि आवश्यक सहयोग पुऱ्याउनु हुने श्री आदर्श सामुदायिक क्याम्पस क.न.पा. ९ घैलाडुब्बाका क्याम्पसप्रमुख श्री ज्ञानुनाथ मैनाली श्री भृकुटी उच्च मा.वि. दुर्गापुरका शिक्षक श्री नन्दकिशोर झा तथा अध्ययनको क्रममा प्रश्नावलीले मागे अनुसार अन्तरवार्ता छलफलमा सहभागी भई सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सम्बन्धित अध्ययन क्षेत्रका विद्यालयहरका प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यार्थीहरु, वि.व्य.स. अध्यक्षहरु तथा अभिभावकहरुलाई हृदयदेखि धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा यस शोधपत्रको सुन्दरढंगले कम्प्युटर सेटिङ्ग तथा मुद्रण गरी सहयोग गर्नुहुने चारपाने फोटोकपी सेन्टर विर्तामोड २ का सञ्चालक श्री उमेश पौड्यालको गुण सदैव स्मरणीय रहनेछ ।

शैलेन्द्र लाल कर्ण

# शोधसार


माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता शीर्षकमा तयार गरिएको यस अनुसन्धनात्मक कार्यको मुख्य उद्देश्य सामुदायिक माध्यमिक विद्यालयहरुमा बालवालिकाको सहभागिताको अवस्था पहिचान गरी बालवालिकाको सहभागिता बृद्धि गर्ने उपायहरुको खोजी गर्नु हो ।

यस अनुसन्धान कार्यलाई निष्कर्षमा पुऱ्याउनका लागि अध्ययनमा गुणात्मक र परिमाणात्मक दुवै ढाँचाको प्रयोग गरी यि दुवैका मिश्रित विधि अपनाइएको छ । यस अध्ययन कार्यलाई अगाडि बढाउनका लागि झापा जिल्लाको दुर्गापुर स्रोतकेन्द्र अन्तरगत सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये बर्गिय एवं जातिय बसोवास, भौगोलिक सुगमताका आधारमा सम्भावनायुक्त नमुना छनौट विधिद्वारा ५ वटा विद्यालयहरुको छनौट गरी तिनका प्र.अ. वि.व्य.स. अध्यक्ष, २/२ जना शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई चिट्ठा प्रणालीद्वारा समेत छनौट गरी आवश्यक तथ्य तथ्याङ्क तथा सूचकहरु संकलनका लागि सम्बन्धित क्षेत्रमा गई प्रश्नावली, अन्तरवार्ता, छलफल र दस्तावेज अध्ययन जस्ता अनुसन्धानका साधनहरु प्रयोग गरिएको छ । सङ्कलित तथ्य, तथ्याङ्कहरुलाई वर्णनात्मक तथा तथ्याङ्कशास्त्रीय विधिवाट व्याख्या र विश्लेषण गरिएको छ ।

शोध अध्ययनको क्रममा सङ्कलित तथ्य तथ्याङ्कहरुको विश्लेषणवाट माध्यमिक शिक्षामा बालवालिकाको सहभागिताको अवस्था पत्ता लगाउन उनीहरुको विद्यालय भर्ना, बीचैमा कक्षा छोड्ने अवस्था, कक्षा दोहोऱ्याउने अवस्थाको यथार्थताको जानकारी प्राप्त भएको छ । अध्ययनवाट प्राप्त परिणामहरुको विश्लेषण गर्दा ३०६९ सालमा ८३१ जना, २०७० सालमा ९२६ जना, २०७१ सालमा ९५५ जना भर्ना भएका मध्ये ८९ जना (९.३२%) विद्यार्थीहरुले बिचैमा कक्षा छोडेको तथा १५३ जना (१६.०२%)विद्यार्थीहरु ले पुनः उही कक्षा दोहोऱ्याएको पाइयो ।

अध्ययनको क्रममा प्राप्त तथ्य तथ्याङ्कको विश्लेषणवाट अध्ययन क्षेत्रका वालवालिकाहरुको सामुदायिक माध्यमिक शिक्षामा सहभागितामा ह्रास हुँदै गइरहेको

*पाइन्छ । विद्यालय भर्नाको तुलनामा बिचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर बढी रहेको पाइन्छ । विद्यालयमा बालवालिकाहरुको उपस्थितीमा नियमितता को कमिका साथै सामुदायिक विद्यालय प्रतिको नकारात्मक सोचमा बृद्धि, शैक्षिक जागरणको कमी रहेको पनि पाइन्छ । सामुदायिक माध्यमिक विद्यालयहरुमा बालवालिकाको सहभागिता बृद्धि गर्न, बिचैमा कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने दरमा कमि ल्याउनका लागि सरकारले शिक्षामा यथेष्ट बजेटको व्यवस्था गर्नु पर्दछ । निती निर्माण तहले देशमा एकै किसिमको शिक्षा नीति निर्माण गर्नुपर्ने, जि.शि.का. तथा सम्बद्ध निकायले पठनपाठनको नियमित अनुगमन तथा निरिक्षण गर्नुपर्ने, विद्यालयले शैक्षिक चेतना अभिबृद्धि मूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, शिक्षण सिकाइको माध्यम अंग्रेजी बनाउनु पर्ने, कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालनको प्रबन्ध मिलाउनु पर्ने जस्ता सुझावहरु दिइएको छ । यसरी नै अन्यक्षेत्र तहमा अध्ययन अनुसन्धानका लागि अनुसन्धानदाताहरुलाई सुझाव प्रस्तुत गरिएको छ ।*

# विषय सूची


| क्र.स. | शीर्षक | पृष्ठसंख्या |
|---|---|---|
| | **परिच्छेद एक : परिचय** | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२. | समस्याको कथन | ५ |
| १.३. | अध्ययनको औचित्य | ६ |
| १.४. | अध्ययनको उद्देश्य | ७ |
| १.५. | अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६. | अध्ययनको परिसिमा | ८ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ | सैद्धान्तिक खाका | १२ |
| २.३ | पुनरावलोकनको उपादेयता | १५ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३. | अध्ययन विधि | १७ |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १७ |
| ३.२. | जनसंख्या तथा नमुना छनोट | १७ |
| ३.३. | तथ्याङ्कका स्रोतहरु | १९ |
| ३.३.१ | प्राथमिक स्रोत | १९ |
| ३.३.२ | द्वितीय स्रोत | २० |
| ३.४. | तथ्याङ्क सङ्कलनका साधनहरु | २० |
| ३.५ | तथ्याङ्क सङ्कलन प्रक्रिया | २१ |
| ३.६ | तथ्याङ्क विश्लेषण विधि | २२ |

## परिच्छेद चार : नतिजाको छलफल व्याख्या


४.१ माध्यमिक शिक्षामा बालवालिकाको सहभागिताको अवस्था २३

४.१.१ अध्ययन क्षेत्र दुर्गापुर स्रोतकेन्द्रको सामान्य परिचय २३

४.१.२. बालवालिकाको विद्यालय भर्ना अवस्था २३

४.१.३ बालवालिकाको शैक्षिक सहभागिता २५

४.२ कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर २६

४.२.१ कक्षा छोड्ने अवस्था २६

४.२.२ विद्यालयगत कक्षा छोड्नेको अवस्था २७

४.२.३ कक्षा दोहोऱ्याउने अवस्था २९

४.२.४ विद्यालयगत कक्षा दोहोऱ्याउने अवस्था २९

४.२.५ समग्रमा बालवालिकाको सहभागिता विवरण ३०

४.३. माध्यमिक शिक्षामा बालवालिकाको सहभागिताको परिवर्तन अवस्था ३१

४.३.१ बालवालिकाको सहभागिताको परिवर्तनको अवस्था ३१

४.३.२ बालवालिकाको सहभागिता न्यून हुनाका कारणहरु ३२

४.४ बालवालिकाको सहभागिता बढाउने उपायहरु ३३

४.५ अध्ययनका प्राप्तिहरु ३४


## परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु


५.१ निष्कर्ष ३६

५.२. सुझावहरु ३७

५.२.१ नीतिगत तह ३८

५.२.२ कार्यान्वयन तह ३८

५.२.३ अनुसन्धान तह ४०

सन्दर्भग्रन्थ सूची

अनुसूचीहरु

# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली भाषामा प्रयोग भइरहेको "शिक्षा" भन्ने शब्द संस्कृतको "शिक्ष्" धातुवाट आएको हो जसको अर्थ सिकाउनु, सिक्नु, सिकारुमा ज्ञान, एवं आवश्यक गुणहरुको समुचित विकास गराउनु भन्ने हुन्छ ।

मानव विकासको क्रमसँगै औपचारिक या अनौपचारिक रुपमा सिक्ने र सिकाउने कार्यको पनि शुरुवात भएको अनुमान गरिएको छ । आदिम मानवहरु पनि आफ्नो जिवन रक्षा एवं आहाराको लागि सिकार गर्ने गर्थे र यस प्रक्रियामा एकले अर्कालाई यस्ता सीपहरु सिकाउने गर्दथे । प्राचिनकाल देखि आफ्नै घर परिवारमा बाबुले छोरा र आमाले छोरीलाई आफ्ना ज्ञान सीप अनुभव अनुसार शिक्षा दिने चलन थियो । यहि परम्परा सँगसँगै आफ्नो समाजका मूल्य मान्यता एवं रीतिरिवाजलाई एक पिंढीवाट अर्को पिंढीमा हस्तान्तरण गर्दै जाने व्यवस्था नै शिक्षा विस्तारको क्रम बन्यो (शर्मा, २०५८) ।

शिक्षा मानव जिवनको अभिन्न अङ्ग बनेको छ । यसले सबै तहका मानिसलाई अनुभव प्रदान गर्दै आएको पाइन्छ । तर यसका लागि मानिसलाई पोषण, वातावरण, विषयवस्तु, समय, वैयक्तिक चाहना, तत्परता भौतिक तथा शैक्षिक अवस्था आदिको आवश्यकता पर्दछ (वाग्ले, २०६०) । उपर्युक्त कुरालाई आधारमान्दा शिक्षा गर्भधारण देखि मृत्युसम्मको समयका लागि महत्वपूर्ण छ । खास गरि जन्मपूर्वको समय वालकको पूर्वाधार विकासका लागि हुन्छ भने जन्म पश्चातको एउटा बृद्धि पक्षको लागि हुन्छ भन्ने कुरालाई आधार मान्दा यो वातावरणीय समायोजनका लागि महत्वपूर्ण हुन्छ । यसबेला उसले परिवारमा पाएको माया ममता स्नेह र समाजवाट पाएको सद्व्यवहार तथा साथीसँगको सम्पर्क अझ महत्वपूर्ण हुन्छ (शर्मा र शर्मा, २०६५) ।

यसरी हेर्दा शिक्षा व्यक्तिको सफल व्यक्तित्व निर्माण गर्ने आधार हो । शिक्षा लिने र दिने प्रकृया भित्र प्रवेश गर्दा औपचारिक अनौपचारिक, अनियमित गरी तीन वर्गमा वर्गीकरण गरेको पाइन्छ (अधिकारी,२०६६) । यसको अर्थलाई हेर्दा आकस्मिक तरिकाले सिक्ने सिकाइ अनियमित सिकाइ हो भने औपचारिक शिक्षा भन्दा बाहिर रहेर निर्धारित उद्देश्य प्राप्त गर्नका लागि तोकिएको पाठ्यक्रमको आधारमा प्रदान गरिने शिक्षा अनौपचारिक शिक्षा हो (श्रेष्ठ, २०५८) । यसै गरी विद्यालयीय र क्याम्पस स्तरीय रुपमा सञ्चालन गरिने शिक्षा औपचारिक शिक्षाको रुपमा लिइएको छ । यसले देशको शिक्षाको आधारभूत आवश्यकता पूरा गर्न सहयोग गर्दै दक्ष जनशक्ति उत्पादन गरेको छ । नेपालको शैक्षिक इतिहासलाई नियाल्दा प्राचीन कालमा ज्ञान हासिल गर्न चाहने मानिसहरु गुरुको आश्रम कुटीमा जान्थे र गुरुले आफ्ना शिष्यहरुलाई निश्चित समयावधि भित्र कुनै विषयमा पारङ्गत बनाउथे । यस पद्धतिलाई गुरुकुल शिक्षा पद्धति भनिन्छ । यसबेला शिक्षा व्यवस्थापनको जिम्मा आश्रमलाई नै दिइन्थ्यो । त्यसबेला शिक्षा राज्य नियन्त्रीत थिएन । नेपाल एकीकरण भन्दा पूर्व गुरुकुल, पितृकूल, देवकुल ऋषिकुल शिक्षा प्रचलनमा थिए भने त्यस पछि बैद्ध हिन्दुधर्म प्रधान शिक्षा समेत प्रचलनमा रहेको पाइन्छ । यसले पनि नेपालको शिक्षा प्रणाली व्यवस्थित हुन नसकेको तथ्यलाई प्रमाणित गर्दछ ।

नेपालमा लिच्छवी काल र मल्लकालमा पनि शिक्षालाई राज्यले आफ्नो दायित्व भित्र लिएको थिएन । तिनताका मानिसहरुले आफ्नो आवश्यकता अनुसार व्यवसायिक शिक्षा, कला शिक्षा, धार्मिक शिक्षा इत्यादिको आर्जनको जोहो मिलाउने गरेको पाइन्छ ।

नेपालको शिक्षाको आधुनिक इतिहासलाई हेर्ने हो भने सर्वसाधारण जनताले शिक्षा प्राप्त गर्ने अवसर पाउन थालेको लामो समय भएको छैन । देशका उच्च वर्ग र शासक वर्गका छोराछोरीलाई शिक्षा दिने उद्देश्यले सरकारी विद्यालयको रुपमा वि.सं. १९१० मा थापाथली दरवारमा अंग्रेजी स्कूलको स्थापना भयो । यो नै नेपालको पहिलो आधिकारीक सरकारी स्तरवाट खोलिएको सरकारी विद्यालय

हो । यो विद्यालय पछि दरवार हाइस्कूलमा परिणत भयो । राणा शासनको उदय भएको करिब आधा शताब्दी वित्दा पनि देशमा शिक्षाको प्रचार प्रसार हुन सकेन । राणा शासन भित्र पनि देव शमसेर जस्ता उदार शासक देखा नपरेका होइनन् जसले देशमा शिक्षाको विकासका लागि कार्यहरु गर्न मात्र के लागेका थिए उनका भाइहरुले उनलाई अगाडि बढ्न दिएनन् ।

२००७ साल सम्म आइपुग्दा नेपालमा औपचारिक रुपमा ३१० वटा भाषा पाठशालाहरु र ११ वटा माध्यमिक विद्यालयहरु थिए । प्रजातन्त्र प्राप्ती पछि अनियन्त्रीत रुपमा धेरै विद्यालयहरु खुले । तिनै विद्यालयहरुलाई व्यवस्थित गर्न वि.सं. २०११ सालमा शिक्षा नामक प्रतिवेदन र वि.सं. २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरी प्रतिवेदन तयार गरेको देखिन्छ ( खनाल, २०६२) ।

विज्ञान तथा प्राविधिक ज्ञानको प्रसार गरी देश विकासका लागि आवश्यक पर्ने जनशक्ति पूर्तिगर्ने उद्देश्यका साथ २०२८ सालमा रा.शि.प.यो. लागु भएपछि शिक्षालाई एकीकरण गरियो । मुलुकभर एउटै पाठ्यक्रमको कार्यान्वयन, शिक्षकहरुको सेवा सुविधाको निश्चित व्यवस्था, शिक्षाको तहगत संरचना छात्रवृत्तीको व्यवस्था आदि यस योजनाका विशेषताहरु  हुन । यस योजनाले विद्यालयलाई सरकारी, सार्वजनिक र निजी गरी ३ प्रकारमा विभाजन गरियो । सरकारी विद्यालयको सम्पूर्ण आर्थिक व्यवस्थापन सरकारले जिम्मा लियो भने सार्वजनिक विद्यालयको आर्थिक व्यवस्थापनमा केही मात्रामा सरकारले सहयोग गर्दथ्यो र निजी विद्यालयको सम्पूर्ण खर्च व्यक्तिले व्यहोर्नु पर्ने व्यवस्था थियो ( रा.शि.प.यो., २०२८) ।

माध्यमिक शिक्षाको समुचित विकासका लागि नेपालमा विभिन्न समयमा विभिन्न प्रकारका योजना परियोजना र कार्यक्रमहरु लागु भएको हो । माध्यमिक शिक्षा विकासका लागि सन् १९८३ देखि १९९१ सम्म माध्यमिक शिक्षा विकास परियोजना संचालनमा ल्याइएको थियो । यसै गरी माध्यमिक शिक्षाको समता र पहुँच सुनिश्चित गर्ने मुख्य उद्देश्य राखी सन् २००३ देखि २००८ सम्म माध्यमिक शिक्षा सहयोग कार्यक्रम संचालनमा ल्याइएको थियो । सार्वजनिक

माध्यमिक विद्यालयको व्यवस्थापन सुदृढ र विस्तार गर्दै प्राथमिक तह पुरा गरेका सबै बालवालिकालाई माध्यमिक तहको शिक्षाको अवसर सुनिश्चित गराउन र गरिबीको रेखामुनी रहेका जनतालाई बढी भन्दा बढी उनीहरुको आवश्यकता पुरागर्ने अवसर प्रदान गर्न नेपाल सरकारले एशियाली विकास बैक र डेनिडाको सहयोगमा माध्यमिक शिक्षा सहयोग कार्यक्रम लागु गरेको थियो ।

वि.सं. २०१३ सालवाट नेपालमा सुरुभएको योजनाबद्ध विकास हाल दशौं पञ्चवर्षिय योजनाको समापन पश्चात पनि दोस्रो त्रिवर्षिय अन्तरिम योजना २०६७/६८ - २०६९/७० को अन्त्यमा आइपुग्दा विद्यालयको भौतिक सुधारका लागि गरिएको लगानी ठुलोमात्रामा देखिन्छ । प्रत्येक वर्षको राष्ट्रिय बजेटमा निश्चित प्रतिशत बजेट शिक्षातर्फ विनियोजित हुन्छ । अझ समुदाय र गैर सरकारी निकायहरुवाट त्यस क्षेत्रमा गरिएको लगानीको तथ्याङ्क अप्राप्त छ ।

नेपालमा दशौं पञ्चवर्षिय योजनाको समापन पश्चात पनि दोस्रो त्रिवर्षिय अन्तरिम योजना (२०६७/०६८ - २०६९/०७०) को समाप्ती मै सरेको छ । यस योजना अनुसार कक्षा १ मा वालविकासको अनुभव सहित भर्ना हुन आउने वालवालिका प्राथमिक तहमा खुद भर्नादर ९३.७ प्रतिशत, निम्न माध्यमिक तहको खुद भर्ना दर ६३.२ प्रतिशत, माध्यमिक तह (कक्षा ९/१०) मा खुद भर्नादर ४०.८ प्रतिशत रहेको छ । माध्यमिक तह (कक्षा ९/१०) मा खुद भर्नादर ५० प्रतिशतको लक्ष्य राखिएको थियो । यति हुँदाहुँदै पनि सबै सामुदायिक विद्यालयहरुमा निश्चित मापदण्ड अनुसारको पूर्वाधार विकास हुन नसक्नु वालिका तथा वाञ्चितीकरणमा परेका समुदायका वालवालिकालाई विद्यालयमा टिकाई राख्न नसक्नु, माध्यमिक शिक्षामा सबै वालवालिकाको पहुँच पुऱ्याउन नसक्नु शैक्षिक गुणस्तर कमजोर रहनु प्रमुख समस्या तथा चुनौतीको रुपमा रहेको छ ।

नेपाल सरकारले सामुदायिक माध्यमिक विद्यालयहरुमा भौतिक एवं शैक्षिक व्यवस्थापनका लागि आवश्यक बजेटको तर्जुमा गरेको माधयमिक तहमा निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । गरिब तथा जेहन्दार विद्यार्थीहरुका लागि माध्यमिक शिक्षा छात्रवृत्तीको समेत व्यवस्था गरेको त्यस देखि बाहेक विभिन्न

गैर सरकारी संघ संस्थाहरुले समेत माध्यमिक शिक्षामा गरिब तथा जेहन्दार वालवालिकाहरुका लागि विभिन्न किसिमका छात्रवृत्तीहरुको व्यवस्था गरेकोवाट शिक्षक तालिमको व्यवस्था गरेकोबाट सामुदायिक माध्यमिक शिक्षामा वालवालिकाहरुको सहभागिता बढ्ने तथा यिनीहरुमा शैक्षिक जागरण आउने आशा गरिएको परिप्रेक्षमा यसवाट उनीहरुको शैक्षिक अवस्थामा के कस्तो परिवर्तन आएको छ । उक्त कार्यक्रमको असर कस्तो छ भन्ने विषयमा अध्ययन अनुसन्धान हुनु समय सापेक्ष र सान्दर्भिक रहेको ठहर गरि सामुदायिक माध्यमिक विद्यालयमा वालवालिकाको सहभागिता सम्बन्धमा अध्ययन अनुसन्धान गर्न खोजिएको हो ।

## १.२. समस्याको कथन

अन्तरिम त्रिवर्षिय योजनामा माध्यमिक शिक्षामा खुद भर्नादर ४६ प्रतिशत पुऱ्याउने कार्ययोजना तर्जुमा गरी माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता बृद्धि गर्ने जस्ता शैक्षिक विकासको रणनिती बनाई २०६७/६८ वाट शुरु गरिएको योजना तथा कार्यक्रम २०७० को अन्त्य सम्ममा पनि लक्ष्य अनुरुप कार्य भएको देखिदैन । माध्यमिक शिक्षामा सहभागिता बृद्धि गर्न विभिन्न प्रकारका छात्रवृत्तीको व्यवस्था, शिक्षक तालिमको व्यवस्था, निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ । राष्ट्रिय स्तरमा निर्मित कार्यक्रम, जिल्ला स्तरमा निर्मित कार्यक्रमहरुको कार्यान्वयनवाट माध्यमिक शिक्षामा वालवालिकाको सहभागिता बृद्धि गर्ने प्रयत्न भएको छ । यसवाट सामुदायिक माध्यमिक शिक्षामा बालवालिकाको सहभागितामा परेको असर विषयमा कुनै ठोस अध्ययन अनुसन्धान भएको छैन । यस सन्दर्भमा सामुदायिक माध्यमिक विद्यालयमा वालवालिकाको सहभागिताको वास्तविक अवस्था पत्ता लगाई आएको परिवर्तनको लेखाजोखा गर्न र देखिएका समस्या समाधानका उपायहरुको खोजी गर्नु आवश्यक भएकोले यसैलाई मुख्य समस्याको रुपमा उठान गरी माध्यमिक विद्यालय तहमा बालवालिकाको सहभागिता नाम शीर्षकमा शोध अनुसन्धान गरिएकोछ ।

## १.३. अध्ययनको औचित्य

सामुदायिक माध्यमिक शिक्षामा बालवालिकाको पहुँच बढाउनका लागि नेपाल सरकार लगायत विभिन्न संघ संस्था तथा दातृ निकायहरुको लगानी तथा प्रयाश हुँदाहुँदै पनि वालवालिकाको सहभागिता न्यून हुनु समस्याकै रुपमा रहेको छ । हाल सम्म कुनै अध्ययन अनुसन्धानकर्ताले यस समस्याको बारेमा तथा त्यसका समाधानका उपायका बारेमा अध्ययन अनुसन्धान नगरेकोले प्रस्तुत शीर्षकमा यो अध्ययन अनुसन्धान कार्यलाई अगाडी बढाउनु औचित्यपूर्ण रहेको छ । प्रस्तुत अध्ययनले सामुदायिक माध्यमिक शिक्षामा बालवालिकाहरुको पहुँच बढाउने सवाल सँग सम्बन्धित निकायलाई मुख्य जानकारी प्रदान गर्ने छ । त्यसै गरी माध्यमिक शिक्षामा बालवालिकाको पहुँच कस्तो छ भन्ने विषयमा थप अनुसन्धानकर्ताहरुलाई सहयोग पुग्छ । यस अध्ययन अनुसन्धानले सामुदायिक माध्यमिक शिक्षामा बालवालिकाको पहुँचमा हुने कमिको कारण पहिचान गरी आगामी योजना निर्माणमा नीति निर्मातालाई मदत पुऱ्याउँछ । शिक्षामा सबै जातजाति वर्गको समान सहभागिता नभएमा समान रुपले सबै क्षेत्रको विकास, राष्ट्र तथा समाजको विकासको कल्पना पनि गर्न नसकिने कुराको बोध गराई सामाजिक एवं शैक्षिक विकाससँग सरोकार राख्ने सबैलाई यस अध्ययनले सहयोग पुग्ने भएकोले यो अधययनको औचित्य पुष्टि भएकोछ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार रहेको छ ।

१) माध्यमिक शिक्षामा वालवालिकाको सहभागिताको अवस्था पहिचान गर्नु ।

२. माध्यमिक शिक्षामा बालवालिकाको कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने अवस्थाको पहिचान गर्नु ।

३. माध्यमिक शिक्षामा बालवालिकाको सहभागितामा परिवर्तन (कमी वा बृद्धि) को कारण पत्ता लगाउनु ।

४. माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता बृद्धि गर्ने उपायहरुको खोजी गर्नु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरुमा केन्द्रित रही अनुसन्धानकार्य पुरा गरिएको छ ।

१. माध्यमिक शिक्षामा चालु शैक्षिक सत्र २०७१ मा वालवालिकाको सहभागिता के कस्तो छ ?
२. माध्यमिक शिक्षामा विगत दुई शैक्षिक सत्रमा वालवालिकाको सहभागिता के कस्तो थियो ?
३. माध्यमिक शिक्षामा बालवालिकाको कक्षा छाड्ने अवस्था के कस्तो छ ?
४. माध्यमिक शिक्षामा बालवालिकाको कक्षा दोहोर्‍याउने अवस्था के कस्तो छ ?
५. माध्यमिक शिक्षामा बालवालिकाको सहभागितामा कमि वा बृद्धि भएको छ की छैन ?
६. बालबालिकाको सहभागितामा परिवर्तनका कारणहरु के के हुन ?
७. माध्यमिक शिक्षामा वालवालिकाको सहभागिता बृद्धि गर्न स्थानीय तहवाट के कस्ता उपायहरु अपनाउनु पर्छ ?
८. माध्यमिक शिक्षामा वालवालिकाको सहभागिता बढाउन निति निमार्ण तहवाट के कस्ता नितिहरु निर्माण गर्नुपर्दछ ?

## १.६. अध्ययनको परिसिमा

यो अध्ययनलाई झापा जिल्लाको दुर्गापुर स्रोतकेन्द्र अन्तरगतका सामुदायिक माध्यमिक विद्यालयमा सिमित गरिएको छ । अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण विद्यालयहरुका सबै क्षेत्रमा अध्ययन अनुसन्धान प्रस्तावित शोधमा सम्भव नहुने भएकाले दुर्गापुर स्रोतकेन्द्र अन्तरगतका कनकाई न.पा. १ को १ वटा विद्यालय- सरस्वती मा.वि. जामुनवारी, कनकाई न..पा. ३ को १ वटा विद्यालय- कनकाई उ.मा.वि. सुरुङ्गा, कनकाई न.पा. वडा नं. ७ को १ वटा विद्यालय- भृकुटी उ.मा.वि. दुर्गापुर, कनकाई न.पा. ६ को १ वटा विद्यालय चम्पापुर मा.वि. चम्पापुर र कनकाई न.पा. ९ को १ वटा विद्यालय आदर्श विद्यामन्दिर उ.मा.वि.

घैलाडुब्बा गरि जम्मा ५ वटा सामुदायिक माध्यमिक विद्यालयका मा.वि. तहका जम्मा ३४ शिक्षकहरु मध्येवाट १० जना शिक्षकहरुलाई संभावनायुक्त नमुना छनौटद्वारा अध्ययनको लागि छानिएको छ । त्यसैगरी उक्त विद्यालयहरुका मा.वि. तहमा शै.सत्र २०७१ मा अध्ययनरत ९५५जना विद्यार्थीहरु मध्ये १० जनालाई संभावनायुक्त नमुना छनौटद्वारा अध्ययनका लागि छानिएको छ । त्यसैगरि उक्त विद्यालयहरुका अभिभावकहरु मध्येवाट १० जनालाई गोलाप्रथाद्वारा अध्ययनका लागी छनौट गरिएको छ । यो अध्ययनलाई उक्त विद्यालयहरुका शै. सत्र २०६९ , २०७० र २०७१ को तथ्य तथ्याङ्कमा सिमित गरिएको छ । यो अध्ययनलाई झापा जिल्लाको १७ वटा स्रोतकेन्द्रहरु मध्ये एकवटा स्रोतकोन्द्रका ५ वटा सामुदायिक विद्यालयका केहि क्षेत्रमा मात्र सिमित गरिएकोले अध्ययनको प्राप्तीलाई सामान्यीकरण गर्न अझै विस्तृत क्षेत्रको अध्ययनको आवश्यकता रहेको छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनैपनि नयाँ विषयमा अध्ययन अनुसन्धान गर्न आफ्नो अध्ययनको विषयसँग सम्बन्धित पुस्तक, लेख, समिक्षा, प्रतिवेदन, शोधपत्रहरुको अध्ययन तथा त्यसको समिक्षा गरी त्यसमा प्रयोग गरिएका धारणा र पद्धतिहरुका आधारमा सैद्धान्तिक स्वरुप निर्माणमा सहयोग लिनु नै सम्बन्धित साहित्यको पुनरावलोकनको मुख्य उद्देश्य हो । यस अध्ययनलाई अगाडि बढाउनका लागि यसको सैद्धान्तिक खाका निर्माण गर्नु जरुरी छ । जसका लागि सहयोगिको रुपमा दिपक खनाल (२०६८)द्वारा “भौतिक व्यवस्थापनले विद्यार्थी भर्नामा परेको प्रभाव”, ज्ञानुनाथ मैनाली (२०६९) द्वारा “सिकाइ उपलब्धीमा बालवालिकाको सहभागिता” तथा होमकुमारी कुमाल (२०७१) द्वारा “बालवालिकाको प्राथमिक शिक्षामा पहुँच” शीर्षकमा गरिएको शोध अनुसन्धानको अध्ययन तथा समिक्षा गरिएको छ । त्यस्तै महाश्रम शर्मा (२०६६) द्वारा “समुदाय र विद्यालयको अन्तर सम्बन्ध” र डिल्लीराम लुइटेल(२०७१) द्वारा “शिक्षा प्रवाहमा नविन चिन्तन” शीर्षकमा तयार पारिएको लेख रचनाको अध्ययन तथा समिक्षा गरिएको छ । त्यसै गरी अब्राहम मास्लोको उत्प्रेरणा सम्बन्धी सिद्धान्त, फ्रेडरिक हजवर्गको प्रेरक आरोग्य तत्वको सिद्धान्त र मेरी पार्कर फोलेटको मानविय सम्बन्ध विकासको सिद्धान्तको प्रयोग गरी यस शोधकार्यको सैद्धान्तिक खाकाको निर्माण गरिएको छ । यसै परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकनको उपादेयतालाई समेत उल्लेख गरिएको छ ।

खनाल (२०६८)ले गरेको अध्ययन अनुसार समग्र भौतिक विकासमा ध्यान पुऱ्याएका विद्यालयप्रति विद्यार्थी, अभिभावकले गुणस्तरीय शिक्षा हुने कुराको विश्वास गरेको र ती विद्यालयमा विद्यार्थी भर्ना गरेको पाइयो भन्ने निष्कर्ष रहेको छ । सामुदायिक विद्यालय प्रति अभिभावकको विश्वास जगाउन उपलब्ध भौतिक पक्षको पूर्ण प्रयोग गर्ने तर्फ विद्यालयका प्र.अ. शिक्षक तथा

कर्मचारीहरु लाग्नु पर्ने सुझाव दिइएको छ । उक्त शोधमा भौतिक व्यवस्थापनले विद्यार्थीमा भर्ना बढेको देखाइए पनि विद्यार्थी भर्नामा प्रभाव पार्ने अन्य कारक तत्वको समेत खोजी गरी अनुसन्धान गर्न सुझावको रुपमा प्रस्तुत गरिएको छ । यस पुनरावलोकनले आफ्नो अध्ययन क्षेत्रका नमुना छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुको विद्यार्थीको सहभागिता तथा विद्यालयको अवस्था बुझी विद्यालयहरुमा वालवालिकाको सहभागिता बढाउने उपायको खोजिमा सहयोग गरेको छ ।

मैनाली, (२०६९) का अध्ययन अनुसार बालवालिकाको विद्यालय भर्ना अभियान एवं विद्यालय स्वागत कार्यक्रमलाई सधन रुपमा सञ्चालन गरिएमा विपन्न वर्गका वालवालिकाको विद्यालय पहुँच बृद्धिगर्न सकिने, विद्यालयमा पाठ्यपुस्तक, खाजा, विद्यालय पोशाकका साथै अन्य छात्रवृत्ति एवं आकर्षक सुविधाहरुको व्यवस्थापन गरि विद्यालयमा टिकाउने कार्यक्रमहरु सञ्चालन गर्न सकेमा विपन्न वर्गका वालवालिकाको विद्यालय पहुँचका साथै सिकाई उपलब्धी बृद्धि गर्न सकिन्छ भन्ने निष्कर्ष रहेको छ । आर्थिक तथा सामाजिक रुपमा पछि परेका समुदायका मानिसहरुका बालबालिकाको विद्यालयमा पहुँच बढाउन आर्थिक तथा सामाजिक स्तर उकास्ने कार्यमा निती निर्माताले विशेष ध्यान पुऱ्याउनु पर्ने त्यस्तै गरी समुदायमा शैक्षिक चेतना फैलाउने गरी एक अभियानको व्यवस्था, भर्ना सप्ताह कार्यक्रमको प्रभावकारी प्रयोग, विद्यालयमा बालमैत्री वातावरण सृजना गर्नुपर्ने जस्ता सुझावहरु कार्यान्वयन तहका लागि प्रस्तुत गरिएको छ । त्यसै गरी पिछडिएका जातिको भाषा, लिपी, संस्कृति, आर्थिक शैक्षिक तथा सामाजिक अवस्था जस्ता विषयमा थप अनुसन्धान गर्न अनुसन्धान तहलाई सुझाव दिइएको छ । उक्त शोधमा विपन्न वर्गका वालवालिकालाई विद्यालयमा भर्ना गराउने तथा सिकाइ उपलब्धी बृद्धि गर्ने उपायहरु सुझाएको छ । यस पुनरावलोकनले आफ्नो अध्ययन क्षेत्रको नमुना छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा बालवालिकाको सहभागिता बृद्धि गर्ने उपायहरुको साथै कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने वालवालिकाको संख्यामा कमि ल्याउने उपायहरुको खोजी कार्यमा थप सहयोग पुऱ्याएको छ ।

कुमाल, (२०७१) का अध्ययन अनुसार विद्यालय नजिकै भएपनि आर्थिक, सामाजिक, पारिवारिक एवं साँस्कृतिक कारणको प्रभावले प्राथमिक तहमा कुमाल समुदायका वालवालिकाको सहभागिता न्यून रहेको, शैक्षिक उपलब्धि दर समेत न्यून रहेको निष्कर्ष निकालिएको छ । विद्यालयमा बालबालिकाको पहुँच बढाउन कमजोर आर्थिक अवस्था भएका अभिभावक हरुको आर्थिक स्तर उकास्ने कार्यक्रम निति निर्माण तहले ल्याउनु पर्ने सुझाव दिइएको छ । अभिभावकहरुको शैक्षिक चेतना बृद्धिका उपायहरु अवलम्बन गर्नु पर्ने सुझाव दिइएको छ । गाउँमा वैकल्पिक शिक्षाका रुपमा साँझ विहान अतिरिक्त कक्षा संचालन गर्नुपर्ने सुझाव दिइएको छ । यस पुनरावलोकनले आफ्नो अध्ययन क्षेत्रको नमुना छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा आदिवासी, जनजाति, आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गका वालवालिकाको आर्थिक, सामाजिक,पारिवारिक तथा साँस्कृतिक कारणको प्रभावले न्युन उपस्थितिलाई अभिबृद्धि गर्ने उपायको खोजीमा सहयोग गरेको छ ।

शर्मा, (२०६६) को एक लेख रचनामा उल्लेख गरिए अनुसार विद्यालय र समुदाय बीचको सम्बन्ध सुधार्न सके विद्यालयमा बालवालिकाको सहभागिता बृद्धि गर्न सकिने तथा शिक्षामा गुणस्तरीयता र स्थायित्व बृद्धि गर्न सकिने कुरा उल्लेख गरिएको छ । यस पुनरावलोकनले अध्ययनको नमुना छनोटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा वालवालिकाको सहभागिताको अवस्था पत्ता लगाई विद्यालयमा वालवालिकाको सँख्यामा कमिको कारण समेत पत्ता लगाई विद्यालय र समुदाय बिचको आपसी सम्बन्धको अवस्थामा सुधार गरी एक आपसमा सहयोगको तथा सहकार्यको वातावरण निर्माण गरी विद्यालयमा वालवालिकाको सहभागिता बृद्धि गर्न सकिन्छ भन्ने कुरामा सहयोग गरेको छ ।

लुईटेल, (२०७१) को लेख रचनामा उल्लेख गरिए अनुसार विद्यालयमा विद्यार्थीहरुलाई समयानुकुल र अद्‌यावधिक ज्ञान दिन सूचना तथा संचारका आधुनिक प्रविधिहरु (जस्तै कम्प्युटर, इन्टरनेट, इमेल इत्यादि) को प्रयोग श्रब्यदृष्य सामाग्रीको प्रयोग गरी सिकाईलाई मनोरञ्जनपूर्ण र दीर्घजीवी बनाउन सके, प्रविधियुक्त सिकाइ गर्न सके, सक्षमतामा आधारित शिक्षा प्रवाह

गर्न सकेमा मात्र सामुदायिक माध्यमिक शिक्षामा बालवालिकाको सक्रिय सहभागिताको सुनिश्चितता हुन्छ र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सकिन्छ । यस पुनरावलोकनले सामुदायिक माध्यमिक विद्यालयहरुमा वालवालिकाको सहभागिताको न्युनता घटाई सहभागिता अभिबृद्धिका लागि सुझावको रुपमा प्रस्तुत गर्नुपर्ने कथनलाई थप्न मद्दत पुर्‍याउने काममा सहयोग गरेको छ ।

## २.२ सैद्धान्तिक खाका


कुनैपनि अध्ययन अनुसन्धान कार्यलाई अगाडी बढाउनका लागि कुनै न कुनै सर्वस्वीकार्य आधारको तथ्य एवं सिद्धान्तको आवश्यकता पर्दछ जसले अध्ययन अनुसन्धानको विषयलाई नयाँ संरचनागत स्वरुपमा ढाल्न मदत गर्दछ भन्ने त्यसलाई सैद्धान्तिक खाका भनिन्छ । यसले विषय र सिद्धान्त बीचको सम्बन्ध विकास गराउँछ । साथै यसले पूर्ण मान्यतालाई अनुसन्धान सँग सम्बन्धित गराउँछ ।

अमेरिकी बैज्ञानिक अब्राहम मास्लोको उत्प्रेरणा सम्बन्धि सिद्धान्त (१९४३) ले मानिसको आवश्यकताहरुलाई श्रृङ्खलाबद्ध गरि पाँच श्रेणीमा विभाजन गरेको छ । मास्लोले मानविय आवश्यकताहरुलाई क्रमशः शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वभिमानको आवश्यकता र आत्म सन्तुष्टिको आवश्यकता भनी एक सोपान तयार गरेको छ । मानिसका प्रशस्त इच्छा, चाहना र आवश्यकता हुन्छन । जीवनका लागि आवश्यक पर्ने खाना हावा, पानी, कपडा, वास आदि हुन । यसको परिपूर्ति पश्चात मात्र अन्य आवश्यकता प्रति सोच विचार गर्छ नत्र यसै आवश्यकताको परिपूर्तिका लागि सदैव भौतारिरहेको हुन्छ । शारीरिक आवश्यकता पूरा भएपछि सुरक्षात्मक आवश्यकता परिपूर्ति गर्न उत्प्रेरित हुन्छ । त्यस्तै शारीरिक र सुरक्षात्मक आवश्यकता पुरा भएपछि व्यक्ति सामाजिक संलग्नता तथा मान्यता बढाउने, मित्रवत व्यवहार गर्ने, स्नेह आदान प्रदान गर्ने जस्तो कार्यतर्फ उत्प्रेरित हुन्छ । स्वभिमानको आवश्यकता मानिसमा मान सम्मान पहिचान स्थानको खोजी गर्न थाल्छ । पुरस्कार र प्रशंसा दिएर उनीहरुको कार्यप्रति उत्प्रेरित गर्न सकिन्छ र आत्म सन्तुष्टिको आवश्यकता यस सोपानको चरम चुलीमा व्यक्तिमा

आत्मसन्तुष्टि, आत्मगौरव, आत्मबोध आदिको चाहना हुन्छ । व्यक्तिको मनोभाव बुझी आत्मसन्तुष्टिका उपाय अपनाएर व्यक्तिलाई कार्यप्रति बढी उत्प्रेरित गर्नुपर्छ ।

मास्लोको आवश्यकता सम्बन्धि सोपानलाई निम्नानुसार देखाइएको छ ।

चित्र १ मास्लोको आवश्यकताको सोपान




स्रोत : मास्लो १९४३

गाँस, वास, कपास, स्वास्थ्य आदि आधारभूत पक्षहरुको आवश्यकता प्रमुख भएका गरिब तथा निमुखा वर्गका मानिसहरुमा आवश्यकताको परिपूर्ति पछि मात्र उनीहरुको शिक्षामा सहभागिता हुन्छ । आर्थिक एवं भौतिक रुपले सुरक्षित भएपछि मात्र उनिहरु शिक्षाको बारेमा सोच्न सक्छन । त्यस्तै गरिब धनी एवं उच्च वर्गका वालवालिकालाई उच्च गुणस्तरीय शिक्षा प्रदान गरी आत्म सन्तुष्टि गराउन सकिएमा मात्र उनीहरुको सामुदायिक माधयमिक शिक्षामा सहभागिताको बृद्धि गराउन सकिन्छ । यसका लागि शिक्षक अभिभावक सरकारी निकायहरुले आफ्नो दायित्व बोध गरी बालवालिकामा एवं अभिभावकहरुमा समेत उत्प्रेरणा जगाउनु पर्दछ । तब मात्र माध्यमिक शिक्षामा सहभागिता बृद्धि हुन जान्छ । यस अर्थमा मास्लोको अभिप्रेरणा सिद्धान्तले यस अध्ययनलाई आधारशिला प्रदान गर्न महत्वपूर्ण भूमिका खेलेको छ । यस अर्थमा यस अध्ययन अनुसन्धान कार्यलाई मास्लोको आवश्यकताको सिद्धान्तहरु मध्येको पहिलो तह शारिरीक आवश्यकता र दोस्रो तह सुरक्षात्मक आवश्यकताका परिपूर्तिले गरिब तथा विपन्न वर्गका बालवालिकाहरुको सामुदायिक विद्यालयमा सहभागिता अभिबृद्धि गर्न सकिने तथा पाँचौ तह आत्म सम्मान आत्म गौरवले संभ्रान्त

वर्गका वालवालिकाहरुको सामुदायिक विद्यालयमा सहभागिता अभिबृद्धि गर्न सकिने कुराको सुनिश्चित  गर्न सकिने कुरामा आफ्नो अध्ययन अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउने कार्यमा सहयोग गरेको छ ।

फ्रेडरिक हजवर्गको प्रेरक आरोग्य तत्वको सिद्धान्त (सन् १९५०) अनुसार मानिसहरु के चाहन्छन् र के ले उनीहरुलाई अभिप्रेरित गर्छ भनि अध्ययन गर्दा राम्रो सन्तुष्टि दिने कार्य प्रेरक तत्वहरु हुन । आरोग्य तत्व कार्यको वातावरणसँग सम्बन्धित छ र यसले मानिसको कार्य दक्षतामा कुनै बृद्धि र विकास गर्दैन तरपनि कार्यमा आउने असन्तोषलाई रोकेर उत्कृष्ट कार्य सम्पादनकोलागि अभिप्रेरित गर्छ । समुदायका मानिसहरुलाई उनिहरुको कार्यमा प्रेरित गरी आफ्ना बालवालिकाको विकास गर्दै सिकाईमा उत्प्रेरित गर्न अभिभावकलाई सामुदायिक माध्यमिक विद्यालय प्रति चासो बढाउन प्रेरित गर्न, राम्रो खानेकुरा र स्वास्थ्य सम्बन्धि हेरचाह पुऱ्याउन अभिप्रेरित गर्न प्रस्तुत प्रेरक आरोग्य सिद्धान्तलाई यस शोध कार्यका लागि आधारको रुपमा लिइएको छ ।

मेरी पार्कर फोलेटले सन् १८६८ मा व्यक्तिहरुको भावना चाहना बुझ्रेर राम्रोसँग मानवीय सम्बन्ध विकास गर्नुपर्छ भनी मानवीय सम्बन्ध विकासको सिद्धान्तमा जोड दिइन । जति धेरै राम्रोसँग समन्वय र सम्बन्ध स्थापना गर्न सक्यो त्यतिनै राम्रो सम्बन्ध कायम भई स्तरियता र प्रभावकारिता हासिल हुन्छ । उनले प्रजातान्त्रिक र सहभागितामूलक कार्यमा जोड दिइन । उनको यो समन्वय सम्बन्धी सिद्धान्तले समुदायका वालवालिकाहरुमा राम्रो समन्वय कायम गरी सिकाईमा प्रभावकारीता ल्याउन आधार प्रदान गर्दछ । समुदायका वालवालिकाहरुको सामुदायिक माध्यमिक शिक्षामा सहभागिता बढाउन, राम्रो समन्वयात्मक वातावरण सिर्जना गर्न बालवालिकाको भावना बुझ्रेर कार्य गर्न आधार प्रदान गरेको छ । यसमा शिक्षक र अभिभावक बीचको सम्बन्ध सुमधुर राख्न, अभिभावकहरुलाई समय समयमा विद्यालयमा आफ्ना बालवालिकाको शैक्षिक प्रगति बारे छलफल गर्न, विद्यालय र समुदाय बीच सुमधुर सम्बन्ध स्थापना गर्न समेत यस सिद्धान्तले आधार प्रदान गरेको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस शोधकार्यलाई निष्कर्षमा पुऱ्याउनका लागि अध्ययन गरिएका पूर्व साहित्यवाट सामुदायिक माध्यमिक विद्यालयमा माध्यमिक शिक्षामा समुदाय भित्रका बालवालिकाको सहभागिताको अवस्था न्युन हुने संकेत स्पष्ट देखिन्छ । त्यसरी नै विभिन्न जातजाती एवं वर्गको समेत शैक्षिक सहभागिता फरक रहेको स्पष्ट भएको छ । त्यसैगरी सामुदायिक माध्यमिक शिक्षामा बालवालिकाको शैक्षिक उपलब्धि समेत न्युन रहेको संकेत प्रष्टरुपमा देखिन्छ । समुदायमा रहेका सबै जात जाति र वर्गका बाल वालिकाको सामुदायिक माध्यमिक शिक्षामा समान रुपले उल्लेख्य संख्यामा सहभागिता एवं शैक्षिक उपलब्धि बृद्धि गर्न आलम्बन गर्नुपर्ने उपायहरु बारे समेत पुनरावलोकन गरिएका पूर्व साहित्यवाट जानकारी प्राप्त भएको छ ।

खनाल, (२०६८) मैनाली, (२०६९) कुमाल, २०७१) को अध्ययनले विद्यालयमा बालवालिकाको सहभागिता न्युन रहेको साथै शैक्षिक क्षति बढी भएकोले शैक्षिक उपलब्धि स्तर कम रहेको तथ्य स्पष्ट पारेको छ । त्यसैगरी विद्यालयमा भौतिक व्यवस्थापन राम्रोसँग गरेमा विद्यालय भर्ना अभियान एवं विद्यालय स्वागत कार्यक्रमलाई सधन रुपमा सञ्चालन गरिएमा बालवालिकाको सहभागिता बढाउन सकिने कुरा उल्लेख गरिएको छ । उपर्युक्त अध्ययनवाट प्राप्त जानकारीलाई यस शोध कार्यमा पूर्व ज्ञान एवं अनुभवको रुपमा लिई सामुदायिक माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता अभिबृद्धि गर्न आलम्बन गर्नुपर्ने उपायहरुको खोजी गर्नमा मद्दत पुगेको छ ।

यसै गरी अध्ययन गरिएको मास्लोको उत्प्रेरणा सम्बन्धि सिद्धान्तले आवश्यकताको श्रृङ्खला मार्फत गरीब तथा विपन्न वर्गका साथै हुने खाने वर्गका बालवालिकाको माधयमिक शिक्षामा सहभागिता बृद्धि गर्न अवलम्वन गर्नुपर्ने उपायहरुको खोजीमा मार्ग निर्देश गरेको छ । हजवर्गको सिद्धान्तले माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता बढाउन अभिभावकहरुमा ल्याउनुपर्ने परिवर्तन बारे मार्ग निर्देश गरेको छ । यसरी नै मेरी पार्कर फोलेटको सिद्धान्तले सामाजिक सद्भावमा जोड दिदै सहभागिता बृद्धि गर्ने उपायको खोजीमा मार्ग निर्देश गरेको छ । यसरी पुनरावलोकन गरिएका

साहित्य अध्ययन गरिएका सिद्धान्तले शोध कार्यलाई निष्कर्षमा पुऱ्याउन मद्दत गरेको छ ।

अध्ययन गरिएको विषयकोलागि छानिएको वैचारिक सिद्धान्तहरु, उत्प्रेरणाको सिद्धान्त, आरोग्य तत्वको सिद्धान्त तथा मानव सम्बन्धको सिद्धान्तले कुनैपनि कार्यक्रम तथा मुल्याङ्कन गर्नको लागि प्राकृतिक रुपमा मुल्याङ्कनकर्ता आफै उपस्थित हुनुपर्ने र सही सुचना प्राप्त गर्न सकिने तथा यस्तो कार्यमा हरेक पाटा पक्षमा बलियो मानविय सम्बन्ध बनाउनु पर्ने जस्ता कार्यवाट मात्र उद्देश्य प्राप्तिमा राम्रो तर्क रहेको छ । जसले गर्दा बालवालिकालाई सामुदायिक विद्यालयमा सहभागिता गराउँदा उनिहरुको मनोवल बढ्ने, आत्म सन्तुष्टि हुने यसवाट प्रभावकारी सिकाइ र शैक्षिक उपलब्धि हुने कारणले गर्दा यस्ता सिद्धान्तको प्रयोग गरिएको छ ।

अध्ययन कार्यलाई अगाडी बढाउनको लागि धेरै सम्बन्धित लेख सहितको उपयोग गर्न खोजिएको छ । जुन विभिन्न क्षेत्रमा अध्ययनवाट निकालेको निष्कर्षको आधारमा तयार गरिएको लेखहरुले यस अध्ययनको लागि छनौट गरिएको माध्यमिक शिक्षामा वालवालिकाको सहभागिता बढाउन गरिएको उपायको बारेमा जानकारी गराउँदछ ।

# परिच्छेद तीन
# अध्ययन विधि

## ३. अध्ययन विधि

शोधकर्ताले आफ्नो अध्ययन अनुसन्धानको उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने उपायहरु विधिहरुको प्रारुपलाई नै अध्ययन विधि भनिन्छ । अध्ययन अनुसन्धानका उद्देश्यलाई प्राप्तिको अवस्थासम्म पु¥याउन विधिकै मुख्य भुमिका रहन्छ । यस अन्तर्गत ढाँचा नमुना छनौट तथ्याङ्कको स्रोत साधन र प्रस्तुतीकरण, तथ्याङ्क संकलनमा पर्दछन । यो अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि निम्न लिखित विधिहरु अपनाइएको छ :

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस शोधकार्यलाई पुरा गर्नको लागि दुईवटा ढाँचाको प्रयोग गरिएको छ यसमा वि.व्य.स. अध्यक्ष, प्र.अ.,शिक्षक तथा विद्यार्थीहरुसँग प्रश्नावली, अन्तरवार्ता तथा छलफल गरी प्राप्त भएको शाब्दिक तथ्यहरु, समस्याहरु तथा घटनाहरुको व्याख्या विश्लेषण गुणात्मक रुपमा गरिएको छ । त्यस्तै अभिलेख अध्ययन, सर्वेक्षण फारमवाट प्राप्त परिमाणात्मक तथ्य तथ्याङ्कहरु जस्तै विद्यार्थीहरुको कक्षामा सहभागिताको तथ्याङ्क, बिचैमा कक्षा छोड्ने तथा दोहो¥याउने विद्यार्थीहरुको तथ्याङ्कलाई संख्यात्मक मूल्यमा आधारित भई व्याख्या विश्लेषण गरिएको छ ।

अतः यो शोधकार्य गुणात्मक र परिमाणात्मक दुवै ढाँचा प्रयोग भएको मिश्रित ढाँचाको रहेको छ ।

## ३.२. जनसंख्या तथा नमुना छनोट

### क) जनसंख्या

यो अध्ययनमा झापा जिल्लाको दुर्गापुर स्रोतकेन्द्र अन्तरगतका सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरु र विद्यालयका  प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यार्थीहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, तथा अन्य पदाधिकारीहरु र अभिभावकहरु लाई जनसंख्याको रुपमा लिइएको छ ।

### ख) नमुना

यस अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनका लागि पूर्वी झापामा अवस्थित दुर्गापुर स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयलाई अध्ययन क्षेत्रको रुपमा लिई त्यस अन्तर्गतका श्री कनकाई उ.मा.वि. सुरुङ्गा, श्री सरस्वती मा.वि. जामुनवारी, श्री भृकुटी उ.मा.वि. दुर्गापुर, र श्री आदर्श विद्या मन्दिर उ.मा.वि. घैलाडुब्बा गरी जम्मा पाँचवटा सामुदायिक माध्यमिक विद्यालयका प्र.अ.हरु, वि.व्य.स. अध्यक्षहरु, पाँचवटै विद्यालय हरुवाट २/२ जनाका दरले माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरु, विद्यार्थीहरु र अभिभावकहरुलाई नमुना जनसंख्याको रुपमा लिइएको छ ।

### ग) नमुना छनौट विधि

यस कार्यलाई निष्कर्षमा पुऱ्याउनका लागि झापा जिल्ला भित्रका १७ वटा स्रोतकेन्द्र मध्ये दुर्गापुर स्रोतकेन्द्रलाई गोलाप्रथावाट नमुना जनसंख्याका लागि, नमुना जनसंख्या भित्रका प्र.अ. र वि.व्य.स. अध्यक्ष उद्देश्य मुलक नमुना छनौट विधिवाट, शिक्षक विद्यार्थी र विद्यालय छनौट गर्दा सम्भावनायुक्त नमुना छनौट विधि अवलम्बन गरिएको छ । त्यसरी नै अभिभावकहरुको छनौट गोलाप्रथावाट गरिएको छ ।

तालिका १ नमुना छनौट विवरण

| क्र.सं | विवरण | जनसंख्या | छनौट जनसंख्या | छनौट तरीका | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्रोतकेन्द्र | १७ | १ | गोलाप्रथा | |
| २ | विद्यालय | ७ | ५ | संभावनायुक्त | |
| ३ | प्र.अ. | ७ | ५ | उद्देश्यमुलक | |
| ४ | वि.व्य.स. अध्यक्ष | ७ | ५ | उद्देश्यमुलक | |
| ५ | शिक्षक | ३४ | १० | संभावनायुक्त | |
| ६ | विद्यार्थी | ९५५ | १० | संभावनायुक्त | |
| ७ | अभिभावक | | १० | गोलाप्रथा | |

## ३.३. तथ्याङ्कका स्रोतहरु

### ३.३.१ प्राथमिक स्रोत

यस अन्तरगत नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक शिक्षक, विद्यार्थी र अभिभावकलाई प्रश्नावली दिई शोधकर्ता कै उपस्थितिमा भर्न लगाइएकोछ । तथ्याङ्क संकलनका क्रममा विभिन्न सरोकारवाला पक्षसँग छलफल गरी उनिहरुका राय सुझावलाई प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ । त्यसैगरी विद्यालयका प्र.अ. र वि.व्य.स. अध्यक्षहरु सँग अन्तरवार्ताद्वारा सूचना संकलन गरिएकोछ । यस प्रकार प्राथमिक तथ्य तथ्याङ्कहरु संकलनका लागि प्रश्नावली अन्तरवार्ता, अवलोकन तथा छलफल इत्यादिलाई प्राथमिक स्रोतको रुपमा प्रयोगमा ल्याइएको छ ।

### ३.३.२ द्वितीय स्रोत

विद्यालयका शैक्षिक तथ्याङ्क र स्थानीय निकायवाट प्राप्त तथ्याङ्कलाई सहायक स्रोतको रुपमा लिइएको छ । यसमा विद्यालयको विद्यार्थी विवरण हाजिरी बही जस्ता अभिलेखहरु प्रयोग गरिएको छ । त्यसरी नै अध्ययनसँग सम्बन्धित लेख, रचना, जर्नल, शोधपत्र, तथ्याङ्क फारम, विद्यालय अवलोकन फारम, भर्ना पुस्तिका, लब्धाङ्कपत्र आदिलाई समेत सहायक स्रोतको रुपमा लिइएकोछ ।

## ३.४. तथ्याङ्क सङ्कलनका साधनहरु

यो अनुसन्धानकार्यलाई तथ्यपरक र विश्वसनीय बनाउन निम्नानुसारका साधनहरुलाई प्रयोगमा ल्याइएको छ ।

**क) प्रश्नावली**

सामुदायिक माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता पत्ता लगाउन विद्यालयका प्र.अ. वि.व्य.स.का अध्यक्ष शिक्षक विद्यार्थी र अभिभावकवाट प्रश्नावलीवाट तथ्याङ्क प्राप्त गरी व्याख्या विश्लेषण गरिएको छ । प्रश्नावलीलाई अनुसुची १-५ मा राखिएको छ ।

**ख) अन्तरवार्ता**

माध्यमिक शिक्षामा बालवालिकाको शैक्षिक सहभागिता पत्ता लगाउन बाँकी रहेका तथ्यहरु नमुना छनौटमा परेका व्यक्तिहरुसँग अनुसन्धानकर्तावाट प्रत्यक्ष भेटघाट गरी असंरचित अन्तरवार्ताको माध्यमवाट संकलन गरिएको छ ।

**ग) सरोकारवालाहरुसँगको छलफल**

विद्यार्थी र अभिभावकहरुसँग व्यक्तिगत र सामुहिक रुपमा छलफल गरी प्राप्त सुचना रायहरुलाई संकलन तथा विश्लेषण गरिएको छ ।

**घ) अभिलेख अध्ययन**

यस अनुसन्धानका लागि आवश्यक तथ्याङ्क एवं सूचनाहरु प्राप्त गर्न गा.वि.स., नगरपालिका तथा नमुनामा परेका विद्यालयका अभिलेखहरु दस्तावेजहरु वालवालिकाको शैक्षिक अवस्थासँग सम्बन्धित जर्नलहरु लेख तथा रचनाहरु पुस्तकहरु समेत अध्ययन गरि अभिलेख राखिएको छ ।

**ङ) विद्यालय सर्वेक्षण फारम**

विद्यालयमा वर्तमान र विगतमा बालवालिकाको सहभागिताको अवस्था, वर्तमानमा बालवालिकाको बीचैमा कक्षा छाड्ने अवस्था, पुनः उही कक्षा दोहोऱ्याउने वालवालिकाको अवस्था, नमुना छनौटमा परेका विद्यालयहरुमा मा.वि. तहमा अध्ययनरत शिक्षकहरुको तथ्याङ्कहरु लगायत अन्य आवश्यक तथ्यहरु तथा सूचनाहरु प्राप्त गर्नका लागि विद्यालय सर्वेक्षण फारमलाई प्रयोगमा ल्याइएको छ । विद्यालय सर्वेक्षण फारमको नमुना अनुसूची ६ मा संलग्न गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

नमूना छनौटमा पर्ने विद्यालयहरुमा शोधककर्ता आफैं पुगी आवश्यकता अनुसारका परिमाणात्मक एवं गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कहरु संकलन गरिएको छ । यसका लागि उक्त विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावक संग सोझै सम्पर्क गरी अधययनको उद्देश्यवारे जानकारी गराई वहाँहरुवाट तथ्य तथ्याङ्कहरु प्राप्त गर्ने प्रयास

गरिएको छ । प्राथमिक तथ्याङ्क प्राप्तीका लागि शोधकर्ता आफैले प्रश्नावली, अन्तरवार्ता सर्वेक्षण फारम निर्माण गरी सम्बन्धित स्थलगत क्षेत्रवाटै तथ्याङ्कहरु र सूचना तथा विचारहरु संकलन गरिएको छ । त्यसरी नै सहायक स्रोत संकलनका लागि सम्बन्धित विद्यालयमै पुगी लिखित दस्तावेजहरुवाट विद्यालयका पुराना अभिलेखहरुको अध्ययन गरी तथ्य तथ्याङ्क संकलन गरिएको

छ । विभिन्न जनसंख्यावाट लिएका राय विचार एवं तथ्य, तथ्याङ्कहरुको विश्लेषण गरी तार्किक निष्कर्षद्वारा प्रमाणिकता सुनिश्चित गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

तथ्याङ्क संकलन कार्य सम्पन्न गरेपछि प्राप्त तथ्याङ्कहरु मध्ये प्राथमिक तथ्याङ्कलाई गुणात्मक विधिद्वारा र सहायक तथ्याङ्कलाई परिमाणात्मक विधिद्वारा विश्लेषण गरिएको छ ।

प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी तथा अभिभावकहरुवाट प्रश्नावली अन्तरवार्ता एवं अध्ययन अवलोकनवाट प्राप्त भएको तथ्याङ्कलाई तालिकीकरण गरि प्रतिशतमा व्यक्त गरिएको र त्यसलाई शाब्दिक रुपमा व्याख्या, विश्लेषण गरिएको छ ।

अभिलेख अध्ययनवाट प्राप्त तथ्य तथ्याङ्कलाई आवश्यकतानुसार तालिका स्तम्भ चित्र, रेखाचित्र र वृत्तचित्रका रुपमा प्रस्तुत गरि प्रतिशतमा समेत प्रस्तुत गरी संख्यात्मक मूल्यमा आधारित भई परिमाणात्मक विधिहरुवाट विश्लेषण गरिएको छ ।

यसरी गरिएका तथ्य एवं तथ्याङ्कको विश्लेणवाट अनुसन्धानात्मक प्रश्नहरुको उत्तर पत्ता लगाई निष्कर्ष निकालिएको छ । प्राप्त निष्कर्ष का आधारमानै आवश्यक सुझावहरु दिइएको छ ।

# परिच्छेद चार

# नतिजाको छलफल व्याख्या

## ४.१ माध्यमिक शिक्षामा बालवालिकाको सहभागिताको अवस्था

### ४.१.१ परिचय

नमुना छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुको शैक्षिक सत्र २०६९, २०७० र २०७१ को वालवालिकाको विद्यालय भर्नाको तथ्याङ्क विद्यालयगत रुपमा तथा एकिकृत रुपमा प्रस्तुत गरिएको छ। त्यसैगरी शै. शत्र २०७१ को विद्यालयगत रुपमा तथा एकिकृत रुपमा समेत कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ। विगत दुई शै.शत्र र चालु शै.शत्र २०७१ को विद्यार्थी भर्नाको अवस्थाको विश्लेषण गरी बालवालिकाको सहभागिताको अवस्थामा भएको परिवर्तन (कमी वा बृद्धि) लाई संख्यात्मक तथा प्रतिशतको रुपमा समावेश गरिएको छ। बालवालिकाको सहभागिता न्यून हुनका कारणहरुको खोजी गरी प्रस्तुत गरिएको छ। त्यसैगरी बालवालिकाको सहभगिता बढाउने उपायहरुको खोजी गरी त्यसलाई समेत प्रस्तुत गरिएको छ। अन्त्यमा तथ्य तथ्याङ्कको विश्लेषणबाट प्राप्त भएको अध्ययनको प्राप्तीलाई सविस्तार उल्लेख गरिएको छ।

### ४.१.२. बालवालिकाको विद्यालय भर्ना अवस्था

नमुना छनौटमा परेका विद्यालयहरुमा बालवालिकाको भर्नाको स्थिति सम्बन्धमा प्राप्त जानारीलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २ शै. सत्र २०६९-०७१ को बालवालिकाको विद्यालय भर्ना अवस्था

| विद्यालय | वि.सं | कक्षा ९ | | | कक्षा १० | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | जम्मा |
| कन्काई उ.मा.वि. | २०६९ | ११० | ९४ | २०४ | ६४ | १०२ | १६६ | ३७० |
| | २०७० | १४२ | १३२ | २७४ | ८२ | ७१ | १५३ | ४२७ |
| | २०७१ | १६१ | १६५ | ३२६ | ८१ | ८३ | १५४ | ४८० |
| सरस्वती मा.वि. | २०६९ | ३५ | २२ | ५७ | २४ | ११ | ३५ | ९२ |
| | २०७० | २५ | १८ | ४३ | ३१ | १७ | ४८ | ९१ |
| | २०७१ | २८ | १६ | ४४ | २९ | १४ | ४३ | ८७ |
| भृकुटी उ.मा.वि. | २०६९ | ५३ | ४० | ९३ | २३ | ४२ | ६५ | १५८ |
| | २०७० | ७९ | २८ | १०७ | ३० | ३० | ६० | १६७ |
| | २०७१ | ५३ | ४५ | ९८ | ४० | १६ | ५६ | १५४ |
| चम्पापुर मा.वि. | २०६९ | २८ | २५ | ५३ | २३ | २४ | ४७ | १०० |
| | २०७० | ३१ | ३९ | ७० | २८ | १९ | ४७ | ११७ |
| | २०७१ | २३ | ३१ | ५४ | २२ | २७ | ४९ | १०३ |
| आदर्श विद्यामन्दिर उ.मा.वि. | २०६९ | १९ | ३७ | ५६ | ३२ | २३ | ५६ | १११ |
| | २०७० | ४७ | २७ | ७४ | ३२ | १८ | ५० | १२४ |
| | २०७१ | ४७ | ३३ | ८० | ३३ | १८ | ५१ | १३१ |
| | | | | | | | | |

स्रोत : विद्यालय अभिलेख २०६९, २०७०, २०७१

माथिको तालिकाहरुवाट विद्यालयगत रुपमा विगत दुई शैक्षिक सत्र र चालु शैक्षिक सत्रमा विद्यार्थी भर्नाको समग्रमा विश्लेषण गर्दा कनकाई उ.मा.वि.मा क्रमशः १५.४१% प्रतिशत र १२.४१% बालवालिकाको भर्नामा बृद्धि भएको देखिन्छ । आदर्श विद्यामन्दिर उ.मा.वि.मा क्रमशः ११.७५% र ५.६५% बृद्धि भएको देखिन्छ भने अन्य तिनवटा विद्यालयहरु मध्ये सरस्वती मा.वि.मा विद्यार्थी प्रतिशत घट्ने गरेको देखिन्छ । अन्य दुईवटा विद्यालयहरुमा विद्यार्थी दोस्रो वर्षमा बढेको र तेस्रो वर्षमा फेरी घटेको देखिन्छ ।

बालवालिकाको माध्यमिक विद्यालयमा भर्नादरलाई विश्लेषण गर्दा संख्यात्मक रुपमा कनकाई उ.मा.वि.मा सबैभन्दा बढी रहेको देखिन्छ भने सरस्वती

मा.वि.मा बालवालिकाको भर्ना दर ह्रासोन्मुख अवस्थामा रहेको देखिन्छ । त्यसैगरी भृकुटी उ.मा.वि. र चम्पापुर उ.मा.वि.मा बालवालिकाको भर्नादर दोस्रो वर्षमा बढेको र तेस्रो वर्षमा क्रमशः १३ जना र १४ जना ह्रास भएको देखिन्छ ।

### ४.१.३ बालवालिकाको शैक्षिक सहभागिता

अध्ययन क्षेत्र भित्रका नमुना छनौटमा परेका विद्यालयहरुमा वर्तमान र विगत २ वर्षमा समष्टिगत रुपमा मा.वि. तहमा अध्ययनरत बालवालिकाको तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ बालवालिकाको शैक्षिक सहभागिता

| शै. सत्र | कक्षा | छात्र | छात्रा | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|
| २०७१ | ९ | ३१२ | २९० | ६०२ | ९५५ |
| | १० | २०५ | १४८ | ३५३ | |
| २०७० | ९ | ३२४ | २४४ | ५६८ | ९२६ |
| | १० | २०३ | १५५ | ३५८ | |
| २०६९ | ९ | २४५ | २१८ | ४६३ | ८३१ |
| | १० | २०४ | १६४ | ३६८ | |

स्रोत स्थलगत अध्ययन २०७१

उक्त तथ्याङ्कलाई बृत्तचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र २

२०६९
२०७०
२०७१

माथिको तालिका र बृत्त चित्रवाट चालु शैक्षिक सत्र २०७१ र विगत २ वर्षका नमुना क्षेत्रभित्रका छनोटमा परेका विद्यालयहरुको समष्टिगत रुपमा बालवालिकाहरुको विद्यालयमा भर्नाको अवस्थालाई समग्रमा विश्लेषण गर्दा दोस्रो वर्ष २०७० मा ११.४३% र तेस्रो वर्ष २०७१ मा ३.१३% ले बृद्धि भएको देखिन्छ ।

## ४.२ कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर

चालु शैक्षिक सत्र २०७१ मा अध्ययनरत बालवालिकाको विद्यालयमा भर्नालाई शैक्षिक सत्र पुरा नगरी बीचैमा कक्षा छोड्नेको दर तथा शैक्षिकसत्र पुरा गरेका तर अनुत्तिर्ण भई कक्षा दोहोऱ्याउनेको दर निम्नानुसार तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

### ४.२.१ कक्षा छोड्ने अवस्था

नमुना छनोटमा परेका विद्यालयहरुमा मा.वि. तहका बालवालिकाहरुको कक्षा छोड्ने अवस्था निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका ४ वालवालिकाको शै.सत्र २०७१को कक्षा छोड्ने अवस्था

| क.स | विद्यालय | कक्षा ९ | | | कक्षा १० | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| **१** | कन्काई उ.मा.वि. | १० | १० | २० | २ | ५ | ७ | २७ |
| **२** | सरस्वती मा.वि. | २ | ४ | ६ | १२ | ४ | १६ | २२ |
| **३** | भृकुटी उ.मा.वि. | ४ | ९ | १३ | १ | ० | १ | १४ |
| **४** | चम्पापुर मा.वि. | ४ | ३ | ७ | ४ | १ | ५ | १२ |
| **५** | आदर्श विद्यामन्दिर उ.मा.वि. | ३ | ४ | ७ | ३ | ४ | ७ | १४ |
| | जम्मा | २३ | ३० | ५३ | २२ | १४ | ३६ | ८९ |

स्रोत स्थलगत अध्ययन २०७१

माथिको तालिका अनुसार जम्मा ८९ जना (९.३२%)ले विद्यालय छोडेको पाइन्छ । जस मध्ये छात्राहरु ४५ जना (८.७%) र छात्रहरु ४४ जना ( १०.०५%) रहेको छ । कक्षा छोड्नेहरु मध्ये कनकाई उ.मा.वि.मा १२ छात्रा र १५ छात्र गरी २७ जना, सरस्वती मा.वि.मा १४ छात्रा र ८ छात्र गरी २२ जना, भृकुटी उ.मा.वि. मा ५ छात्रा ९ छात्र गरी १४ जना, चम्पापुर मा.वि.मा ८ छात्रा र ४ छात्र गरी १२ जना र आदर्श विद्यामन्दिर उ.मा.वि.मा ६ छात्रा र ८ छात्र गरी १४ जना रहेका छन ।

बालवालिकाले बीचैमा कक्षा छाड्नुपर्ने केही काम गर्न गएर, केही विहे भएर घर गएर, केहीलाई घरमा अभिभावकले राम्रोसँग ध्यान नदिएर विद्यालय छोड्ने गरेको कुरा अन्तरवार्तावाट जानकारी भएको छ ।

## ४.२.२ विद्यालयगत कक्षा छोड्नेको अवस्था

यहाँका मानिसहरु कामकाजको सिलसिलामा शहर तिर बसाई सर्ने गरेको अर्थात शहरोन्मुख हुँदै गएको कारणले गर्दा राजमार्ग क्षेत्र तिर मानिसहरुको बसोवास बृद्धि हुँदै गइरहेको अवस्था छ । यस कारणले गर्दा राजमार्गको छेउछाउको गाउँ बस्ती वा शहरी क्षेत्रमा मानिसहरुको जनघनत्व बढ्दै गएको

कारणले गर्दा त्यस क्षेत्रका विद्यालयहरुमा बालवालिकाको संख्यामा बृद्धि भएको देखिन्छ । यसको ज्वलन्त उदाहरण नमुना छनोटमा परेका विद्यालयहरु मध्ये कनकाई उ.मा.वि. रहेको छ । जहाँ विद्यार्थीहरुको सहभागिता बढी रहेको छ । अध्ययन क्षेत्रका विद्यालयहरुमा शैक्षिकसत्र २०७१ मा विद्यालय छोड्ने विद्यार्थीहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५ शै.सत्र २०७१ को वालवालिकाको विद्यालयगत कक्षा छोड्ने दर

| क्र.स. | विद्यालय | भर्ना | | | कक्षा छोड्ने | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **१** | कन्काई उ.मा.वि. | २४२ | २३८ | ४८० | १२ | १५ | २७ | ४.९६ | ६.३० | ५.६३ |
| **२** | सरस्वती मा.वि. | ५७ | ३० | ८७ | १४ | ८ | २२ | २४.५६ | २६.६७ | २५.२९ |
| **३** | भृकुटी उ.मा.वि. | ९३ | ६१ | १५४ | ५ | ९ | १४ | ५.३८ | १४.७५ | ९.०९ |
| **४** | चम्पापुर मा.वि. | ४५ | ५८ | १०३ | ८ | ४ | १२ | १७.७८ | ६.९० | ११.६५ |
| **५** | आदर्श विद्यामन्दिर उ.मा.वि. | ८० | ५१ | १३१ | ६ | ८ | १४ | ७.५ | १५.६९ | १०.६९ |
| | जम्मा | ५१७ | ४३८ | ९५५ | ४५ | ४४ | ८९ | ८.७ | १०.०५ | ९.३२ |

स्रोत स्थलगत अध्ययन २०७१

माथिको तालिका ७ अनुसार कनकाई उ.मा.वि.मा शैक्षिक सत्र २०७१ मा १२ ( ४.९६%) छात्रा र १५(६.३०%) छात्रा गरी २७ (५.६३%%) जनाले बीचैमा विद्यालय छोडेको पाइन्छ । त्यसरी नै सरस्वती मा.वि.मा १४ छात्रा (२४.५६%) र ८ छात्रा (२६.६७%) गरी जम्मा २२ जना (२५.२९%), भृकुटी उ.मा.वि.मा ५ छात्रा (५.३८%) ९ छात्र (१४.७५%) गरी जम्मा १४ जना (९.०९%), चम्पापुर मा.वि.मा ८ छात्रा (१७.७८%) ४ छात्र (६.९०%) गरी जम्मा १२ जना ( ११.६५%) र आदर्श विद्या मन्दिर उ.मा.वि.मा ६ छात्रा (७.५%) र ८ छात्र ( १५.६९%)गरी जम्मा १४ जना (१०.६९%) ले बीचैमा विद्यालय छोडेको पाइन्छ ।

## ४.२.३ कक्षा दोहोऱ्याउने अवस्था

माध्यमिक तहमा अध्ययनरत बालवालिकाहरुको शैक्षिक सत्र पुरा गरी वार्षिक परीक्षामा अनुत्तिर्ण भई अथवा शैक्षिक सत्र पुरा नगरी बीचैमा कक्षा छोडी पुनः अर्को शैक्षिक सत्रमा कक्षा दोहोऱ्याउने दर निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६ शै.सत्र २०७१ को वालवालिकाहरुको विद्यालयगत एवं कक्षागत कक्षा दोहोऱ्याउने अवस्था

| क्र. स | विद्यालय | कक्षा ९ | | | कक्षा १० | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| **१** | कन्काई उ.मा.वि. | ४४ | ३६ | ८० | ५ | ५ | १० | ९० |
| **२** | सरस्वती मा.वि. | २ | ३ | ५ | ३ | १ | ४ | ९ |
| **३** | भृकुटी उ.मा.वि. | २४ | ११ | ३५ | ० | ० | ० | ३५ |
| **४** | चम्पापुर मा.वि. | ५ | ५ | १० | ० | ० | ० | १० |
| **५** | आदर्श विद्यामन्दिर उ.मा.वि. | ६ | ३ | ९ | ० | ० | ० | ९ |
| | जम्मा | ८१ | ५८ | १३९ | ८ | ६ | १४ | १५३ |

स्रोत : स्थलगत अध्ययन २०७१

माथिको तालिकाको अध्ययनवाट सबैभन्दा बढी कक्षा दोहोऱ्याउने संख्या कनकाई उ.मा.वि.मा ९० जना (१८.७५%) र सबभन्दा कम सरस्वती मा.वि.मा ९ जना (१०.३४%) रहेको देखिन्छ । समग्रमा विद्यालयमा भर्ना भएका मध्ये १५३ जना (१६.०२%) विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको देखिन्छ ।

## ४.२.४ विद्यालयगत कक्षा दोहोऱ्याउने अवस्था

अध्ययन क्षेत्रभित्रका नमुना छनौटमा परेका विद्यालयहरुको विद्यालयगत कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७ शै.सत्र २०७१ को वालवालिकाहरुको विद्यालयगत कक्षा दोहोऱ्याउने अवस्था

| क्र. स. | विद्यालय | भर्ना | | | कक्षा दोहोऱ्याउने | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **१** | कन्काई उ.मा.वि. | २४२ | २३८ | ४८० | ४९ | ४१ | ९० | २०.२५ | १७.२३ | १८.७५ |
| **२** | सरस्वती मा.वि. | ५७ | ३० | ८७ | ५ | ४ | ९ | ८.७७ | १३.३३ | १०.३४ |
| **३** | भृकुटी उ.मा.वि. | ९३ | ६१ | १५४ | २४ | ११ | ३५ | २५.८१ | १८.०३ | २२.७३ |
| **४** | चम्पापुर मा.वि. | ४५ | ५८ | १०३ | ५ | ५ | १० | ११.११ | ८.६२ | ९.७१ |
| **५** | आदर्श विद्यामन्दिर उ.मा.वि. | ८० | ५१ | १३१ | ६ | ३ | ९ | ७.५ | ५.८८ | ६.८७ |
| | जम्मा | ५१७ | ४३८ | ९५५ | ८९ | ६४ | १५३ | १७.२१ | १४.६१ | १६.०२ |

स्रोत : स्थलगत अध्ययन २०७१

माथिको तालिका विश्लेषण गर्दा सबभन्दा बढी कक्षा दोहोऱ्याउने विद्यार्थी कनकाई उ.मा.वि.मा र सबभन्दा कम कक्षा दोहोऱ्याउने विद्यार्थी आदर्श विद्या मन्दिर उ.मा.वि.मा देखिन्छ । भर्ना भएका विद्यार्थीको अनुपातमा कक्षा दोहोऱ्याउने दरलाई हेर्दा कनकाई उ.मा.वि.मा १८.७५% , सरस्वती मा.वि.मा १०.३४% , भृकुटी उ.मा.वि.मा २२.७३% , चम्पापुर मा.वि.मा ९.७१% र आदर्श विद्या मन्दिर उ.मा.वि.मा ६.८७% प्रतिशत रहेको पाइएको छ ।

### ४.२.५ समग्रमा बालवालिकाको सहभागिता विवरण

सामुदायिक विद्यालयमा माध्यमिक शिक्षामा बालवालिकाहरुको सहभागिता सम्बन्धी तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८ शै.सत्र २०७१ को ५ वटै विद्यालयहरुको वालवालिकाहरुको समष्टिगत विवरण

| क्र.स. | विवरण | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| **१** | भर्ना भएका विद्यार्थी संख्या | ५१७ | ४३८ | ९५५ | १०० |
| **२** | कक्षा छोड्ने विद्यार्थी संख्या | ४५ | ४४ | ८९ | ९.३२ |
| **३** | कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या | ८९ | ६४ | १५३ | १६.०२ |

स्रोत : स्थलगत अध्ययन २०७१

## ४.३. माध्यमिक शिक्षामा बालवालिकाको सहभागिताको परिवर्तन अवस्था

नमुना क्षेत्रभित्रका नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरुको चालु शैक्षिक सत्र २०७१ र विगत २ शैक्षिक सत्रको माध्यमिक तहमा बालवालिकाहरुको सहभागिता अध्ययन गरी आएको परिवर्तनको अवस्थाको विश्लेषण गरिएको छ ।

### ४.३.१ बालवालिकाको सहभागिताको परिवर्तनको अवस्था

नमुना क्षेत्रभित्रका नमुना छनोटमा परेका पाँचवटा सामुदायिक माध्यमिक विद्यालयहरुमा चालु शैक्षिकसत्र २०७१ र विगत २ वर्षका विद्यार्थीहरुको सहभागिताको अवस्थालाई हेर्दा कनकाई उ.मा.वि.मा २०६९ सालमा ३७० जना, २०७० सालमा ४२७ र २०७१ सालमा ४८० जना विद्यार्थीहरु सहभागी रहेको पाइन्छ । २०६९ साललाई आधारवर्षको रुपमा लिँदा दोस्रो वर्षमा १५.४१% ले बृदि भएको पाइन्छ भने तेस्रो पर्षमा १२.४१% ले बृद्धि भएको पाइन्छ । अर्थात दोस्रो वर्ष भन्दा तेस्रो वर्षमा बालवालिकाको सहभागिता बृद्धिदर घटेको पाइन्छ । त्यसै गरी सरस्वती मा.वि.मा २०६९ सालमा ९२ जना, २०७० सालमा ९१ जना र २०७१ सालमा ८७ जना बालवालिका सहभागि रहेको पाइन्छ । २०६९ साललाई आधारवर्षको रुपमा लिँदा दोस्रो वर्षमा १.०९% ले र तेस्रो वर्षमा ४.४०% ले बालवालिकाको सहभागिता घटेको पाइन्छ । भृकुटी उच्च मा.वि.मा २०६९ सालमा १५८ जना, २०७० सालमा १६७ जना र २०७१ सालमा १५४ जना बालवालिका सहभागि रहेको पाइन्छ । २०६९ साललाई आधारवर्षको रुपमा लिँदा दोस्रो वर्षमा ५.७% ले बृद्धि भएको पाइन्छ भने तेस्रो वर्षमा ७.७८% ले बालवालिकाको सहभागिता घटेको पाइन्छ । त्यसैगरी चम्पापुर मा.वि.मा २०६९ सालमा १०० जना, २०७० सालमा ११७ जना र २०७१ सालमा १०३ जना बालवालिका सहभागि रहेको पाइन्छ । २०६९ साललाई आधारवर्षको रुपमा लिँदा दोस्रो वर्षमा १७% ले बृद्धि भएको पाइन्छ भने तेस्रो वर्षमा ११.९७% ले बालवालिकाको सहभागिता घटेको पाइन्छ । आदर्श विद्या मन्दिर उच्च मा.वि.मा २०६९ सालमा १११ जना, २०७० सालमा १२४ जना र २०७१ सालमा १३१ जना बालवालिका सहभागि रहेको

पाइन्छ । २०६९ साललाई आधारवर्षको रुपमा लिँदा दोस्रो वर्षमा ११.७१% ले बृद्धि भएको पाइन्छ भने तेस्रो वर्षमा ५.६५% ले बालवालिकाको सहभागिता बृद्धि भएको पाइन्छ । अर्थात दोस्रो वर्ष भन्दा तेस्रो वर्षमा बालवालिकाको सहभागिताको बृद्धिको दर घटेको पाइन्छ । समग्रमा हेर्दा सामुदायिक माध्यमिक विद्यालयमा बालवालिकाको सहभागिताको बृद्धिदर घटेको पाइन्छ ।

## ४.३.२ बालवालिकाको सहभागिता न्यून हुनाका कारणहरु

सामुदायिक माध्यमिक विद्यालयहरुमा बालवालिकाको सहभागिता न्यून हुँदै गएको अध्ययनले देखाएको छ । यसो हुनुमा यहाँका मानिसहरुको आर्थिक अवस्था कमजोर हुनु हो । उनिहरुको आर्थिक अवस्था कमजोर हुनाले आधारभूत आवश्यकताका चाहनाहरु गाँस, वास, कपास आदी जुटाउनमा नै व्यस्त हुन्छन् । जसले गर्दा विद्यालय भर्ना र त्यसका लागि आवश्यक सामाग्रीको बन्दोवस्त गर्न नसकी शिक्षा प्रति चासो देखाउन सक्दैनन् र भर्ना भएका बालवालिकाहरु पनि बीचैमा केहिले विद्यालय छोड्न बाध्य हुन्छन् । यहाँका धेरै जसो अभिभावकहरुमा शैक्षिक चेतनाको कमीले गर्दा पनि विद्यालय भर्नामा असर परेको देखिन्छ ।

सामुदायिक माध्यमिक विद्यालयमा बालवालिकाको सहभागिता घट्नुको अर्को प्रमुख कारण शिक्षण सिकाईको माध्यम पनि हो । समुदायका मानिसहरु अंग्रेजी माध्यमप्रति अभिप्रेरित भएको पाइन्छ ।साथै विद्यालयको वातावरण समेत उपयुक्त भएको प्रति आकर्षित भएको पाइन्छ । सामुदायिक विद्यालयहरुमा शिक्षणको माध्यम अंग्रेजी नहुनु र आर्थिक अभावको कारणले विद्यालयमा भौतिक श्रोत साधनहरुको व्यवस्थापन गर्न नसकी उपयुक्त शैक्षिक वातावरणको निर्माण गर्न नसक्नुको कारणले गर्दा समाजका केही सचेत मानिसहरुको सामुदायिक विद्यालयप्रति नकारात्मक भावनाको विकास भएको पाइन्छ । जसले गर्दा उनिहरु आफ्ना बालवालिकाहरुलाई सामुदायिक विद्यालयमा पढाउन चाहदैनन् । परिणाम स्वरुप सामुदायिक माध्यमिक विद्यालयमा बालवालिकाको सहभागिता न्युन भइरहेको पाइन्छ । सामुदायिक माध्यमिक विद्यालयमा बालवालिकाको सहभागिता न्युन हुनुको अर्को कारण हो कक्षा कोठालाई

वालमैत्री बनाउन नसक्नु बालवालिकाको चाहना र भावना बुझी सोहि अनुसारको पाठ्यक्रम निर्माण हुन नसक्नु ।

## ४.४ बालवालिकाको सहभागिता बढाउने उपायहरु

नेपाल सरकार लगायत अन्य सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरुले जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका विभिन्न वर्ग र समुदायका बालवालिकाहरुलाई छात्रवृत्ति व्यवस्था गरेको छ । यस रकममा केही बृद्धि गर्न सके विपन्न वर्गका बालवालिकाहरुलाई विद्यालयमा सहभागिता बढाउन सहयोग पुग्ने थियो । विपन्न वर्गका अभिभावकहरुलाई शैक्षिक चेतना जगाउने गरी कार्यक्रमहरुको योजना बनाई लागु गर्नु, पिछडिएका मानिसहरुको आधारभुत आवश्यकता पुरा भएमा, अभिभावकहरुले आफ्ना बालवालिकाको जिम्मेवारी महसुस गरेमा, प्रत्येक अभिभावक भेलामा सधै आफ्ना नानीहरुलाई नियमित उपस्थित गराउने अभिभावकलाई पुरस्कृत गरेर, बालवालिकालाई कापी कलम किताब झोलाको व्यवस्था गरी पुनर्वल प्रदान गरेमा, भर्ना कार्यक्रमलाई प्रभावकारी रुपमा प्रयोग गरेमा, प्र.अ. तथा शिक्षकको सहभागिता भएको समिति गठन गरी शैक्षिक चेतना फैलाउने कार्य गरेमा, यहाँका बालवालिकालाई विद्यालयमा सहभागिता बढाउन सकिने देखिन्छ । विभिन्न संघ संस्थाहरुको सहयोगमा सरसफाई,स्वास्थ्य, शिक्षा, पौष्टिक आहार सम्बन्धी महिलालाई प्रशिक्षित गर्दा, बालअधिकार, बालश्रम सम्बन्धी जानकारी गराएमा अभिभावकहरुमा चेतना फैलाउने कार्य गर्दा सहभागिता बढ्ने देखिन्छ ।

विद्यालयहरुमा शिक्षण सिकाइको माध्यम अंग्रेजी बनाई विद्यालयलाई भौतिक रुपले सम्पन्न गर्न सकेमा विद्यालयमा बालवालिकाको सहभागिता बढाउन सकिने देखिन्छ । विद्यालयहरुमा बालवालिकाको रुची र चाहनालाई ध्यानमा राखी कक्षा कोठालाई बालमैत्री बनाउन सकेमा, विद्यालयहरुमा बालवालिकाकालागि अतिरिक्त कक्षा सञ्चालनको व्यवस्थापन गर्न सकेमा एस.एल.सी. परीक्षाको नतिजामा व्यापकरुपले सुधार गर्ने कार्यक्रम गर्न सकेमा विद्यालयमा बालवालिकाको सहभागितामा बृद्धि गर्न सकिन्छ ।

मौजुदा शैक्षिक निती, पाठ्यक्रममा सुधार गरी अध्ययन पश्चात कामको ग्यारेन्टी सरकारवाट हुन सकेमा विद्यालयमा बालवालिकाको सहभागिता बृद्धि गर्ने देखिन्छ । माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षकको व्यवस्थापन, आवश्यक शैक्षिक सामाग्री लगायत शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोगको प्रबन्ध तथा अन्य भौतिक सामाग्रीको उचित व्यवस्थापन गर्न सकेमा बालवालिकाको सहभागितामा बृद्धि गर्न सकिने देखिन्छ ।

## ४.५ अध्ययनका प्राप्तिहरु

यस अनुसन्धानको अध्ययन क्षेत्रमा परेका विद्यालयहरुका शैक्षिक सत्र २०६९, २०७० र २०७१ को कक्षा ९ र १० मा भर्ना भएका बालवालिकाहरुको संख्या, २०७१ सालको कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने बालवालिकाको संख्या भिन्नाभिन्नै तालिका, बृत्तचित्र तथा स्तम्भ चित्रमा प्रस्तुत गरी विश्लेषण गर्दा आएका प्राप्तीहरुलाई अनुच्छेदको रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

अध्ययन क्षेत्रका विद्यालयहरुमा २०६९ सालमा जम्मा ८३१ जना २०७० सालमा जम्मा ९२६ जना र २०७१ सालमा ९५५ जना विद्यार्थी माध्यमिक तहमा भर्ना भएको पाइन्छ । विद्यालयगत रुपमा छुट्टाछुट्टै हेर्दा कनकाई उ.मा.वि.मा दोस्रो वर्ष भन्दा तेस्रो वर्षमा भर्नादर घटेको, सरस्वती मा.वि.मा भर्नादर प्रत्येक वर्ष घट्दै गएको, भृकुटी उ.मा.वि.मा दोस्रो वर्षमा भर्नादर केही बृद्धि भएतापनि तेस्रो वर्षमा घटेको, चम्पापुर मा.वि.मा दोस्रो वर्षमा भर्नादर केही बृद्धि भए पनि तेस्रो वर्षमा घटेको र आदर्श विद्यामन्दिर उ.मा.वि.मा दोस्रो वर्ष भन्दा तेस्रो वर्षमा भर्नादर घटेको पाइन्छ । त्यसै गरि शैक्षिक सत्र २०७१ मा कनकाई उ.मा.वि.मा मा.वि. तहमा भर्ना भएका विद्यार्थीहरुको ५.६३ प्रतिशत विद्यार्थीहरुले बीचैमा कक्षा छोडेको पाइन्छ । त्यसरी नै सरस्वती मा.वि.मा भर्ना भएका विद्यार्थीहरुको २५.२९ प्रतिशत, भृकुटी उ.मा.वि.मा भर्ना भएका विद्यार्थीहरुको ९.०९ प्रतिशत, चम्पापुर मा.वि.मा भर्ना भएका विद्यार्थीहरुको ११.६५ प्रतिशत र आदर्श विद्यामन्दिर उ.मा.वि.मा भर्ना भएका विद्यार्थीको १०.६९ प्रतिशत विद्यार्थीहरुले बीचैमा छोडेको पाइन्छ । समग्रमा भर्ना भएका

९५५ जना विद्यार्थीहरु मध्ये ८९ जना (९.३२ प्रतिशत) विद्यार्थीहरुले बीचैमा कक्षा छोडेको पाइन्छ ।

शैक्षिक सत्र २०७१ मा कनकाई उ.मा.वि.मा भर्ना भएका विद्यार्थीहरुको १८.७५ प्रतिशत विद्यार्थीहरुले पुनः उही कक्षा दोहोऱ्याएको पाइन्छ । त्यसै गरी सरस्वती मा.वि.मा भर्ना भएका विद्यार्थीहरुको १०.१४ प्रतिशत, भृकुटी उ.मा.वि.मा भर्ना भएका विद्यार्थीहरुको २२.७३ प्रतिशत, चम्पापुर मा.वि.मा भर्ना भएका विद्यार्थीहरुको ९.७१ प्रतिशत र आदर्श विद्या मन्दिर उ.मा.वि.मा भर्ना भएका विद्यार्थीहरुको ६.८७ प्रतिशत विद्यार्थीहरुले पुनः उही कक्षा दोहोऱ्याएको पाइन्छ । समग्रमा भर्ना भएका ९५५ जना विद्यार्थीहरु मध्ये १५३ (१६.०२ प्रतिशत) विद्यार्थीहरुले पुनः उही कक्षा दोहोऱ्याएको पाइन्छ ।

अध्ययनवाट प्राप्त परिणामहरुको विश्लेषण गर्दा अध्ययन क्षेत्रका वालवालिकाहरुको सामुदायिक माध्यमिक शिक्षामा सहभागिता ह्रास हुँदै गएको पाइन्छ अर्थात सहभागिता सन्तोषजनक रहेको पाइदैन । विद्यालय भर्नाको तुलनामा बीचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर बढी रहेको पाइन्छ । विद्यालयमा वालवालिकाहरुको उपस्थितिमा नियमितताको कमिका साथै सामुदायिक विद्यालय प्रतिको नकारात्मक सोचमा बृद्धि, शैक्षिक जागरणको कमी रहेको पनि पाइएको छ ।

# परिच्छेद पाँच :

# निष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्ष

माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता शोध शीर्षक अन्तरगत गरिएको अध्ययनको क्रममा सङ्कलित तथ्याङ्कको विश्लेषणवाट विद्यालय उमेर समुहका बालवालिकाको सामुदायिक माध्यमिक विद्यालयमा सहभागिताको स्थिति पत्ता लगाउन उनिहरुको वर्तमान र विगतको विद्यालय भर्ना, कक्षा छोड्ने अवस्था र कक्षा दोहोऱ्याउने अवस्थाको विश्लेषण गरिएको छ । तथ्याङ्कको विश्लेषण गर्दा २०६९ साल भन्दा २०७० सालमा संख्यात्मक रुपमा केही विद्यार्थी भर्ना बृद्धि भएको र २०७० साल भन्दा २०७१ सालमा पनि संख्यात्मक रुपमा न्यून संख्यामा विद्यार्थी भर्ना बृद्धि भएको देखिए पनि भर्ना बृद्धिको दरलाई समग्रमा हेर्दा घटदै गएको पाइन्छ ।

अध्ययन क्षेत्रको नमुना छनोटमा परेको सामुदायिक माध्यमिक विद्यालयहरुमा माध्यमिक शिक्षामा २०७१ सालमा जम्मा ९५५ जना विद्यार्थीहरु भर्नाा भए पनि ९.३२ प्रतिशत अर्थात ८९ जना विद्यार्थीहरुले बीचैमा कक्षा छोडेको पाइएको छ । त्यसरी नै २०७१ सालमा जम्मा ९५५ जना विद्यार्थीहरु भर्ना भएकामा १६.०२ प्रतिशत अर्थात १५३ जना विद्यार्थीहरु पुनः उही कक्षा दोहोऱ्याएको पाइएको छ ।

माध्यमिक शिक्षामा बालवालिकाको भर्ना दर भर्ना भएका मध्ये पनि पुनः उही कक्षा दोहोऱ्याउने बालवालिकाको संख्यालाई समग्रमा विश्लेषण गर्दा सामुदायिक मा..वि.मा माध्यमिक शिक्षामा बालवालिकाको सहभागितामा ह्रास हुँदै गएको देखिन्छ ।

सामुदायिक विद्यालयप्रति मानिसहरुमा बढी उदासिनता देखिन्छ । आफ्ना बालवालिकाहरुलाई विद्यालय पढाउने विषयमा कमैमात्र चासो राखेको पाइन्छ । विद्यालय पढाएकोमा समेत नियमितता तथा निरन्तरता पाइदैन ।

झापा जिल्लाको दुर्गापुर स्रोतकेन्द्र अन्तरगत सञ्चालित नमुना छनोटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुको माध्यमिक तहमा वालवालिकाको सहभागिता अन्तरगत चालु शैक्षिक सत्र २०७१ र विगत दुई शैक्षिक सत्रको विद्यालय भर्ना, चालु

शैक्षिक सत्रको बीचैमा कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने अवस्थासँग सम्बन्धित तथ्याङ्कको अध्ययन विश्लेषण पश्चात निम्न निष्कर्ष निकालिएको छ ।

अध्ययनको नमुना छनोटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा अध्ययन गर्दा माध्यमिक तहमा वालवालिकाहरुको संख्या घटेको पाइएको छ । विद्यालयहरुमा अध्ययन अध्यापनको माध्यम अंग्रेजी बनाउन सकिएमा माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता बृद्धिगर्न सकिने देखिन्छ । विद्यालयमा विपन्न वालवालिकाहरुका लागि छात्रवृत्ति एवं आकर्षक सुविधाको व्यवस्थापन, सामग्री सहितको शिक्षण, विद्यालयको भौतिक अवस्थामा सुधार, विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा सुचना तथा संचार प्रविधिको प्रयोग, सिकाई उपलब्धीमा बृद्धि गर्न सकेमा बालवालिकाको विद्यालय सहभागितामा बृद्धि गर्न सकिन्छ । समग्रमा बालवालिकाको सामुदायिक माध्यमिक विद्यालयमा माध्यमिक शिक्षामा सहभागितामा बृद्धि ल्याउनका लागि विद्यालयको समग्र भौतिक, शैक्षिक लगायत अन्य नितिगत पक्षहरुमा व्यवहारिक रुपमा परिवर्तन गर्नु, सुधार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष निकालिएको छ ।

## ५.२. सुझावहरु

यो शोधपत्रको अध्ययन स्नातकोत्तर तहको शिक्षाशास्त्र विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि गरिएको हुनाले यस अध्ययनवाट निस्किएका वा निकालिएका निष्कर्ष र सुझावहरु सबै ठाउँमा समय र परिस्थिति एवं वातावरण अनुकुल उपयुक्त नहुन सक्छ । तर यस अध्ययनका क्रममा गरिएका तथ्याङ्क संकलनका विधिहरु अन्तर्गत अवलोकन जस्ता पक्षहरु सामाजिक अनुसन्धानका लागि अपरिहार्य अस्त्रहरु हुन ।

यिनै विधिहरुलाई अवलम्बन गरिएका कारणले यहि क्षेत्रमा यहि समुदायका बालवालिकाको उचित शिक्षा एवं विकास गर्न सकियोस भन्नका लागि साथै यिनीहरुको पनि देश निर्माणमा दायित्व छ भन्ने कुरा बुझेर तत्काल सामाजिक न्याय र समानताका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.२.१ नीतिगत तह

नेपालको पूर्व दक्षिण भेगमा पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत रहेका ग्रामिण वस्तीहरुमा बसोवास गर्ने आदिवासी, जनजाति, दलितहरुको उत्थान तथा विकासमा नेपाल सरकारको खासै ध्यान नपरेकोले यि समुदायहरु शोषित समेत रहेको देखिएका तथ्याङ्क शास्त्रीय आधारमा पनि यि समुदायलाई सम्पूर्ण पक्षहरुवाट पछाडि पारिएको हुनाले सर्वप्रथम यिनै कार्यमा सुधार गर्नुपर्दछ ।

समुदायका मानिसहरुको आर्थिक अभावको कारणले शिक्षमा प्रतिकुल प्रभाव परेकोले आर्थिक स्तर उकास्न कृषिमा आधारित यी समुदायलाई कृषिसँग सम्बन्धीत आधुनिक प्रविधि र ज्ञानको आवश्यकता रहेको देखिन्छ । जसका लागि नेपाल सरकारले सिंचाई सुविधा मलखादको उचित व्यवस्था गरि दिने र खेतीपातीवाट आफ्नो जीवन निर्वाह गर्ने उचित बजारको व्यवस्था र सहुलियत दरमा ऋण सुविधा उपलब्ध गराइदिने व्यवस्था गर्न सकेको खण्डमा यिनीहरुको आर्थिक स्थितिमा सुधार आउँछ । भुमिहिनलाई स्थायी बसोवास गर्न नेपाल सरकारले जग्गाको व्यवस्था गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्नुपर्दछ जसले गर्दा आर्थिक समस्यामा राहत भई शैक्षिक क्षेत्रमा ध्यान तथा चेतनाको विकासमा सहयोग पुग्दछ ।

सरकारी विद्यालयहरुको शैक्षिक तथा भौतिक उन्नतीका लागि नेपाल सरकारले यथेष्ट बजेटको व्यवस्था गर्नुपर्दछ । त्यसै गरि शिक्षा मन्त्रालयले शिक्षा नितीमा सुधार गरी एकै किसिमको शिक्षाको व्यवस्था गर्नुपर्दछ। पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकता तथा भाषा भेषभुषा समेतलाई ध्यानमा राखि सोही अनुसार पाठ्यक्रममा समेत समावेश गर्नुपर्दछ । जि.शि.का तथा सम्बद्ध निकायले विद्यालयहरुमा पठनपाठनको अनुगमन तथा निरीक्षणको उचित व्यवस्थापन गर्नुपर्दछ ।

## ५.२.२ कार्यान्वयन तह

शिक्षा मानिसको जीवनस्तर उकास्ने सबभन्दा बढी प्रभावकारी अस्त्रको रुपमा रहेको पाइन्छ । त्यसैले पिछडिएको समुदायको शिक्षाप्रतिको उदासिनता हटाउन अझै समुदायका मानिसहरुको सामुदायिक विद्यालयप्रतिको नकारात्मक सोच हटाउन अनिवार्य रुपमा विद्यालय पठाउने व्यवस्था गर्नका लागि स्थानीय समुदाय तथा

राजनितिककर्मीहरु प्रतिबद्ध हुनुपर्ने देखिन्छ । अध्ययनमा प्रोत्साहन गर्न विद्यालय गए बापत उनिहरुका परिवारलाई पुरस्कृत गर्ने वालवालिकाका आवश्यक बस्तुहरु कापी, कलम, झोला, किताब इत्यादि दिने व्यवस्था स्थानिय स्तरमै र सरकारी् स्तरमा गर्नुपर्दछ । सरकारी विद्यालयवाट एस.एल.सी पास गरेकाहरुका लागि सरकारी तथा गैर सरकारी स्तरवाट रोजगारीको आरक्षणको व्यवस्था तत्काल गर्नुपर्दछ । समुदायमा शैक्षिक चेतना फैलाउने गरी एक अभियानको व्यवस्था, छात्रबृत्तिको स्तरमा बृद्धि, विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गर्नु, अभिभावक, शिक्षक प्र.अ. सहितको टोलि गठन गरी चेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

विद्यालयमा शिक्षण सिकाईको माध्यम अंग्रेजी बनाउनु पर्ने, एस.एल.सी. परीक्षामा गुणस्तरयुक्त सफल विद्यार्थी प्रतिशत अभिबृद्धि गर्ने किसिमका थप कार्यक्रमको व्यवस्था जस्तै असफल हुने विषयहरु खासगरी गणित, अंग्रेजी तथा विज्ञानका थप कक्षाहरुको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

जि.शि.का. तथा स्रोतकेन्द्रहरुमा विषयगत सुपरीवेक्षकको व्यवस्थापन गरी नियमित रुपले विद्यालयहरुमा सुपरीवेक्षणको प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको बीचैमा कक्षा छोड्ने प्रवृत्ति कमगर्न सचेत तथा अगुवा अभिभावकहरु, गाउँका प्रबुद्ध व्यक्तिहरु, सरोकारवालाहरु, सम्बन्धित गा.वि.स. तथा नगरपालिका, सम्बन्धित विद्यालय लगायत अन्य संघ संस्थाहरु सहितको सहयोगमा तत्काल शैक्षिक जागरण अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ ।

यस अनुसन्धानको क्रममा अध्ययन गरिएका विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा बीचैमा कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने संख्या बढी भएको पाइएकोले शैक्षिक गुणस्तर अभिबृद्धिका कार्यक्रम, कमजोर विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा विहान तथा बेलुका पारेर विद्यालयले व्यवस्थापन गर्नुपर्ने देखिन्छ जसवाट विद्यार्थी असफल हुनेदर घट्न गई कक्षा दोहोऱ्याउनेको संख्यालाई न्युनिकरण गर्न सकिन्छ ।

### ५.२.३ अनुसन्धान तह

नेपालको पूर्वी ग्रामिण क्षेत्रको सामुदायिक माध्यमिक विद्यालयमा गरिएको प्रस्तुत अध्ययन अनुसन्धानवाट मात्र मानिसको सम्पूर्ण जनजीवनको सर्वपक्षिय चित्र स्पष्ट हुन नसकेकाले प्राथमिक तह, नि.मा.वि. तह, शहरीक्षेत्रका बालवालिकाको शैक्षिक अवस्था, सामाजिक अवस्था, आर्थिक अवस्था जस्ता विषयवस्तुमा अनुसन्धाताहरुवाट थप अनुसन्धान गर्न यस अनुसन्धानले सहयोग पुग्ने अपेक्षा गरिन्छ । साथै यस विषयसँग सम्बन्धित रहि थप अनुसन्धानका लागि अनुसन्धाताहरुलाई सुझाव समेत प्रस्तुत गर्न चाहन्छु ।

# सन्दर्भ ग्रन्थ सूची


खनाल, पेशल (२०६२), शैक्षिक अनुसन्धान पद्धति काठमाण्डौ : सनलाईट पब्लिकेशन ।

नेपाल सरकार (२०६७), तीनवर्षिय अन्तरिम योजना (२०६७/६८-२०६९/७०), काठमाण्डौ : लेखक ।

वाग्ले, मनप्रसाद (२०६०), शिक्षाको परिचय, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

शर्मा, गोपीनाथ (२०५८), नेपालमा शिक्षा आयोगका प्रतिवेदन ललितपुर : साझा प्रकाशन ।

शर्मा, चिरञ्जी र शर्मा, निर्मला (२०६५), शिक्षाको परिचय, काठमाण्डौ एम.के. पब्लिसर्स एण्ड डिष्ट्रव्युटर्स ।

श्रेष्ठ, चन्द्रबहहादुर (२०५८), शिक्षाको परिचय काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

अधिकारी, तोयानाथ (२०६६), शिक्षाको परिचय बिराटनगर मोरङ्ग : श्याम पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०६७), नेपालको शैक्षिक इतिहास, काठमाण्डौ : लुम्बिनी पुस्तक भण्डार ।

मैनाली, ज्ञानुनाथ (२०६९), सिकाई उपलब्धीमा बालवालिकाको सहभागिता, (अप्रकाशित एम.एड. शोधपत्र) शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

खनाल, दिपक (२०६८), भौतिक व्यवस्थापनले विद्यार्थी भर्नामा पारेको प्रभाव (अप्रकाशित एम.एड. शोधपत्र) शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

कुमाल, होमकुमारी (२०७१), बालवालिकाको प्राथमिक शिक्षामा पहुँच (अप्रकाशित एम.एड. शोधपत्र) शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

शर्मा, महाश्रम (२०६६), समुदाय र विद्यालयको अन्तर सम्बन्धः एक सिहावलोकन, शैक्षिक स्मारिका (२३ भदौ २०६६) नेपाल सरकार, शिक्षा मन्त्रालय शिक्षा विभाग सानो ठिमी भक्तपुर ।

लुइटेल, डिल्लीराम (२०७१), शिक्षा प्रवाहमा नविन चिन्तन शैक्षिक स्मारिका (२३ भदौ २०७१) नेपाल सरकार, शिक्षा मन्त्रालय शिक्षा विभाग सानो ठिमी भक्तपुर ।

# माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता

## अनुसूची १

### प्रधानाध्यापकका लागि प्रश्नावली

नाम : ...........................................................................

विद्यालयको नाम : ...................................................................

अनुभव वर्ष : ..........................................................

ठेगाना : ................................................................

१. तपाईको विद्यालयमा माध्यमिक तहमा कुन जाति तथा वर्गका वालवालिकाको सहभागिता बढीछ ?

उत्तर ..........................................................................

२. अघिल्लो वर्षको तुलनामा यसवर्ष माध्यमिक तहमा बालवालिकाको संख्यामा बृद्धि वा कमि के भएको छ ?

क) बृद्धि भएको छ ख) उस्तै छ ग) कमी भएको छ

३. सामुदायिक विद्यालय प्रति अभिभावकको सोचाई कस्तो रहेको पाउनुहुन्छ ।

उत्तर ..........................................................................

४. विद्यालयप्रति समुदायको धारणा कस्तो रहेको छ ?

क) नकारात्मक ख) सकारात्मक ग) मिश्रित

५. माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता बृद्धि गर्न विद्यालयले के कस्ता कार्यक्रमहरु संचालन गरेका छन ?

उत्तर ..........................................................................

६. विद्यालयमा बालवालिकाको नियमित उपस्थिति कस्तो रहन्छ ?

क) नियमित उपस्थित हुन्छ ख कहिलेकाहीँ उपस्थित हुन्छ

ग) कम उपस्थित हुन्छ

७. माध्यमिक तहमा कक्षा दोहोऱ्याउनेको अवस्था कस्तो छ ?

क) छैन ख) न्यून छ ग) धेरै छ

८. माध्यमिक तहमा विद्यार्थीको उत्तिर्ण तथा अनुत्तिर्ण हुने अवस्था कस्तो छ ?

क) छैन ख) न्यून छ ग) अत्याधिक छ

# माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता

## अनुसूची २

### वि.व्य.स. अध्यक्षका लागि प्रश्नावली

नाम : ..........................................................................

विद्यालयको नाम : ....................................................................

अनुभव वर्ष : ................................................

ठेगाना : ................................................................

१. तपाईको विद्यालयमा माध्यमिक तहमा वालवालिकाको सहभागिता कस्तो छ ?

उत्तर ..........................................................................

२. सामुदायिक विद्यालयप्रति समुदायका मानिसहरुको धारणा कस्तो रहेको पाउनु भएको छ ?

क) नकारात्मक ख) सकारात्मक ग) मिश्रित

३. सामुदायिक विद्यालयमा माध्यमिक तहमा आम बालवालिकाको सहभागिताका लागि विद्यालयले के कस्ता कार्यक्रम राखेका छन् ?

उत्तर क) ..............................

ख) ................................

ग) ....................................

४. समुदाय र विद्यालय बीचको सम्बन्ध कस्तो रहेको पाउनु हुन्छ ?

क) प्रगाढ ख) नराम्रो ग) मिश्रित

५. माध्यमिक शिक्षामा सहभागिता बृद्धि गर्न के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ?

उत्तर क) ..............................

ख) ................................

ग) ....................................

..............................................................................

# माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता

## अनुसूची ३

### शिक्षकका लागि प्रश्नावली

नाम : ..............................................................................

विद्यालयको नाम : ...............................................................

अनुभव वर्ष : ..................................................

ठेगाना : ..................................................................

१. यस क्षेत्रका मानिसहरुको आर्थिक तथा शैक्षिक अवस्था कस्तो छ ?

क) कमजोर ख) ठीकठीकै ग) राम्रो

२. समुदायका मानिसहरुमा शिक्षा प्रतिको चासो कस्तो रहेको छ ?

उत्तर .........................................................................

३. माध्यमिक तहमा विद्यार्थीहरुको संख्या कस्तो छ ?

क) न्यून छ ख) ठीकठीकै ग) अत्याधिक छ

४. माध्यमिक तहमा विद्यार्थीहरुको संख्या बृद्धि गर्न के केगर्नु पर्ला ?

उत्तर क) ..............................

ख) ................................

ग) ...................................

५. तपाईको कक्षामा विद्यार्थीको उत्तिर्ण एवं अनुत्तिर्ण संख्या कस्तो छ ?

उत्तर ..............................................................................

६. तपाईलाई शिक्षणका लागि आवश्यक सामाग्रीहरु विद्यालयवाट कतिको उपलब्ध भइरहेको छ ?

क) भएको छैन ख) आवश्यकतानुसार भएको छ

ग) न्यूनमात्रा भएको छ

७. कक्षामा विद्यार्थीहरुले पढाइमा कतिको रुची लिन्छन् ?

क) धेरै ख) ठीकै ग) लिदैनन

८. तपाइले तालिम लिनु भएको छ ?

क) छ ख) छैन

# माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता

## अनुसूची ४

### अभिभावकका लागि प्रश्नावली

नाम : ..........................................................................................

विद्यालयको नाम : ................................................................................

ठेगाना : ..............................................................................

१. तपाईको घरवाट विद्यालय कति टाढा छ ?

उत्तर :.........................................................................................

२. तपाईका बालवालिका सधै विद्यालय जान्छन् ?

उत्तर :.........................................................................................

३. तपाईका नानीहरु घरमा गृहकार्य कतिको गर्छन् ?

क) कहिलेकाहीँ ख) सधै ग) गर्दैन

४. तपाई आफ्नो नानीहरुको पढाइबारे जानकारी लिन विद्यालयमा कतिको जाने गर्नु भएको छ ?

क) हप्तामा एक पल्ट ख) महिनामा एक पल्ट ग) नियमित

५. तपाईका नानीहरुका साथी संगीनीहरु कस्ता छन् ? कुलतमा फसेको छ कि छैन बारेमा कतिको चासो राख्नु हुन्छ ?

उत्तर : ........................................................................................

६. घरमा नानीहरु पढाई बाहेक अरु के के काम गर्छन ?

उत्तर क) ..............................

ख) ................................

ग) ...................................

७. विद्यालयमा नानीहरु पढाउनका लागि विद्यालय तथा अन्य संघ संस्थाहरुले के कस्तो सहयोग गरेको छ ?

उत्तर : .........................................................................................

# माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता
## अनुसूची ५
### विद्यार्थीका लागि प्रश्नावली

नाम : .........................................................................................

विद्यालयको नाम : ...............................................................................

कक्षा : ......................

ठेगाना : ...........................................................................

१. तिम्रो नाम के हो ?

उत्तर :.........................................................................................

२. तिमी कति कक्षामा पढ्छौ ?

उत्तर :.........................................................................................

३. घरवाट विद्यालय आउन कति समय लाग्छ ?

उत्तर :.........................................................................................

४. तिमी हप्तामा कति दिन विद्यालय आउँछौ ?

क) ३ दिन ख) ५ दिन ग) सधै

५. विद्यालयमा पढाईको नियमितता कस्तो छ ?

क) सधै ख) कहिलेकाहीँ ग) आवश्यकतानुसार

६. घरको काममा कतिको सहयोग गर्नु पर्छ ?

क) कहिलेकाहीँ ख) गर्नुपर्दैन ग) सधै

७. घरमा गृहकार्य सधै गर्न भ्याउँछौ कि भ्याउँदैनौ ?

उत्तर :.........................................................................................

८. तिम्रो घरमा आमाबुबाले के काम गर्नुहुन्छ ?

उत्तर :.........................................................................................

९. विद्यालयमा साथीभाईले कस्तो व्यवहार गर्ने गरेका छन् ?

क) भेदभावपूर्ण ख) सम्मानजनक ग) अपमानजनक

१०. विद्यालयवाट के के सुविधाहरु पाएका छौ ?

उत्तर क) ..............................

ख) ................................

ग) ....................................

# माध्यमिक शिक्षामा बालवालिकाको सहभागिता

## अनुसूची ६

### विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम ........................................................

ठेगाना ...........................  शैक्षिक सत्र ...........

| क.स. | भर्ना | | बिचैमा कक्षा छोड्ने | | कक्षा दोहोऱ्याउने | | जम्मा | मा.वि. तहमा अध्यापन गर्ने शिक्षकहरु |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |